# परिच्छेद एक :

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमी

जुनसुकै वर्ग, जात, जाति, धर्म, वर्ण, लिङ्ग वा समुदायको सशक्तीकरण र विकासको लागि शिक्षाको महत्वपूर्ण भूमिका हुन्छ । देश विकासको मेरुदण्डको रुपमा शिक्षालाई लिइन्छ । विकसित मुलुकहरूले शिक्षा र प्रविधिमा गरेका उन्नति र प्रगति शिक्षाको विकासले मात्र सम्भव भएको हो । नेपालमा राणा शासनकाल (वि.सं. १९०३ देखि वि.सं. २००७) र प्राचीनकालमा समेत शिक्षामा उल्लेखनीय विकास हुन सकेन । राणा शासनकालमा शिक्षाको प्रचार प्रसार हुन सकेन, तथापि देव शमशेरले केही प्रयास गरेका थिए । राणाहरूले केही बाध्यकारी परिस्थिति र नक्कलले खुलेका दरबार स्कुल, भाषा पाठशाला र श्रेस्ता पाठशाला खोल्नु यसका नमुना हुन् । शर्मा (२०५७) का अनुसार नेपालको शिक्षाको आधुनिक इतिहासलाई हेर्ने हो भने वि.सं. १९४२ सालमा वीरशमशेरले सर्वसाधारणका छोराछोरीलाई पढ्न पाउने व्यवस्था मिलाएका थिए । देशको उच्च वर्ग र शासक वर्गका लागि मात्र शिक्षा दिने उद्देश्यले वि.सं. १९१० मा दरबार अंग्रेजी स्कुलको स्थापना गरेका थिए (शर्मा, २०५७)।

नेपालमा वि.सं. २००७ सालको परिवर्तन पछि शिक्षा प्रचार प्रसारमा व्यापक लहर आयो । बर्षाका च्याउ उम्रिए झैं गरी विद्यालयहरू खुल्न थाले । यस क्रममा नेपालको शैक्षिक विकासमा नयाँ गति दिनका लागि वि.सं. २०१०, २०१८, २०२८, २०४९,२०५५ र २०५८ मा गठित आयोग समिति योजनाहरुले विभिन्न सुझावहरु दिएको पाइन्छ । ने.रा.शि.यो.आ. (२०१०) का सुझाव अनुसार शिक्षा देशव्यापी हुनेछ, शिक्षा राष्ट्रिय र निःशुल्क हुनुपर्ने तथा शिक्षाको उपलब्धी बेग्लाबेग्लै हुनु पर्ने कुरामा जोड दिइएको छ । प्राथमिक स्कुलको जन समूहलाई न्यूनतम शिक्षा दिइने र माध्यमिक स्कूल साधारण तथा रोजगारी शिक्षा दिने बहुउद्देश्यको हुनेछ, प्रौढ शिक्षा सबैलाई प्रायः हुनेछ भनि उल्लेख गरिएको छ (शर्मा, २०५७) । सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति (२०१८) ले पनि देशभरी एकै प्रकारको शिक्षा पद्धति लागु गर्ने, शिक्षणको माध्यम एउटै हुनुपर्ने, प्राथमिक शिक्षा निःशुल्क र अनिवार्य बनाउने, व्यवसायिक र प्राविधिक शिक्षातर्फ विशेष ध्यान दिने, सम्पूर्ण शिक्षण संस्थाहरूमा सरकारको

नियन्त्रण हुनुपर्ने, उच्च शिक्षामा आवश्यक सुधार गरी संगठित बनाउनुपर्ने छ भनि आफ्नो प्रतिवेदनमा उल्लेख गरेको पाइन्छ (शर्मा, २०५७) । राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८) का अनुसार प्राथमिक शिक्षा कक्षा १ देखि ३ सम्मको हुनेछ । निम्न माध्यमिक शिक्षा कक्षा ४ देखि ७ सम्मको हुनेछ । माध्यमिक शिक्षा कक्षा ८ देखि १० सम्मको हुनेछ । उच्च शिक्षा सात वर्षको हुनेछ । प्रौढ शिक्षा २ प्रकारका हुनेछन् भनि उल्लेख गरेको पाइन्छ (शर्मा, २०५७) ।

रा.शि.प.यो.का उद्देश्यहरुमा प्राथमिक तह साक्षर बनाउने, निम्न माध्यमिक तह चरित्र निर्माण गर्ने, मा.वि.तह व्यवसायिक बनाउने, प्रवीणता प्रमाण पत्र तह निम्न स्तरको प्राविधिक जनशक्ति तयार गर्ने, स्नातक तह मध्यम स्तरको जनशक्ति तयार गर्ने, स्नातकोत्तर तह उच्च स्तरीय जनशक्ति तयार गर्ने र अनुसन्धान तहले अनुसन्धान गर्न सक्ने दक्ष एवं स्तरीय जनशक्ति तयार गर्ने थिए (शर्मा, २०५७) । त्यस्तै राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (२०४९) ले शिक्षाको अवसर र सहभागितामा जोड, शैक्षिक प्रणालीको आन्तिरिक क्षमता अभिबृद्धिमा जोड, प्राथमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा जोड, पाठ्यपुस्तक, पाठ्यक्रम र पाठ्यसामग्रीमा जोड, शिक्षक तालिममा जोड, शिक्षण सिकाइ सुधारमा जोड, शैक्षिक व्यवस्थापनमा जोड, वालवालिकाको अन्तरनिहित क्षमताको विकास गर्ने उद्देश्य राखेको, मातृभाषामा शिक्षण गर्ने (प्रा.वि.) तहमा व्यवस्था गर्नु पर्ने भनिएको छ (शर्मा, २०५७) ।

उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (२०५५) ले पनि प्राथमिक शिक्षालाई विशेष प्राथमिकता दिएको छ, नवौं योजनाको अन्त्यसम्म ६- १० उमेर समूहका ९०% र दशौंमा १००% साक्षर बनाउने लक्ष्य लिनुपर्ने, विद्यालयको नक्साङ्कन र सुगमतालाई ध्यान दिइने छ, १ वर्ष पूर्व प्राथमिक शिक्षा हुनेछ, २ वर्षे उच्च माध्यमिक शिक्षा हुनेछ र प्रविणता प्रमाण पत्र तह विस्थापित हुनेछ, प्राविधिक तथा व्यवसायिक शिक्षामा जोड दिइने छ । उच्च शिक्षाले राष्ट्र र समाजको विकासमा विज्ञान, प्रविधि र ज्ञानका क्षेत्रमा आवश्यक उच्च गुणस्तरयुक्त मानवीय संशोधन तयार गर्नुपर्नेछ, महिलाालाई शिक्षामा समान अवसर दिइनेछ, विशेष शिक्षाको व्यवस्था गरिनेछ भनी उल्लेख गरेको पाइन्छ (शर्मा, २०५७) ।

यी माथि उल्लिखित गरिएका आयोगहरूले प्राथमिक शिक्षामा विशेष जोड दिएको पाइन्छ । नेपालको सन्दर्भमा तथ्याङ्कका कुरा हेर्ने हो भने वि.सं. २००७ साल सम्म नेपालमा ३०० जति प्रारम्भिक र प्राथमिक विद्यालयहरू र प्राथमिक विद्यालयहरू एवं प्राथमिक उमेरका विद्यार्थी भर्ना सङ्ख्या ५००५ रहेको पाइन्छ भने आ.व. ०५३/०५४ सम्ममा प्राथमिक विद्यालयको सङ्ख्या २२,२१८ र विद्यार्थी सङ्ख्या ३,४४,७६० जना र ९०,००० शिक्षकहरू कार्यरत रहेको पाइन्छ (उच्च स्तरीय शिक्षा आयोगको प्रतिवेदन, २०५५) । पद्मशमशेरले महिला शिक्षाको शुरुवात गरेको पाइन्छ भने वि.सं. २०१० को नेपाल राष्ट्रिय शिक्षा योजना आयोगले छात्रा शिक्षाको आवश्यकताबारे प्रकाश पा¥यो । यसले महिलाकोलागि निःशुल्क एवं अनिवार्य प्राथमिक शिक्षामा जोड दियो भने महिला शिक्षिकालाई प्राथमिकता दिइएको पाइन्छ । योजनाबद्ध विकास मध्ये पाँचौं पञ्चवर्षीय योजनाले छात्रा सङ्ख्या बृद्धि गर्न, महिला शिक्षिका बढाउनु पर्ने भन्यो । त्यस पछिका योजनाहरूले शिक्षामा छात्राको अवसर, सहभागितामा जोड दिइएको पाइन्छ । पाँचौ श्रेणी सम्मका छात्राहरूलाई छात्रवृत्ति, छात्रवासको व्यवस्था, स्कुल पोशाक, निःशुल्क पाठ्यपुस्तक तथा निःशुल्क शिक्षा जस्ता सुविधाहरू पनि उपलब्ध गराएको पाइन्छ (अधिकारी, २०६१/०६२)

“देशको आधा भन्दा बढी जनसङ्ख्या महिलाले ओगटेको पाइन्छ, जसमा ७०% छात्राहरू स्कुल जान सकिरहेका छैनन् । प्रायःजसो छात्राहरू प्राथमिक शिक्षाबाट नै स्कुल छोड्छन्, छोरीलाई ‘अरुको घरमा जाने जात’ भनेर सानै उमेरमा विवाह गरिदिने, सांस्कृतिक एवं सामाजिक दवाव हुनु नै महिला शिक्षाका समस्याहरू छन्” (उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०५५: १५१) ।

धेरै खोज, अध्ययन तथा अनुसन्धानले महिलाहरूलाई शिक्षामा प्रोत्साहन दिनका लागि नीतिहरू तथा विशेष कार्यक्रमहरूको आवश्यकता माथि जोड दिए तापनि महिलाहरूको अवस्थामा खासै सुधार भएको पाइएको छैन । महिलाको वास्तविक अवस्थामा सुधार गर्ने उपर्युक्त शैक्षिक व्यवस्था छैन । विद्यमान पाठ्यक्रम कितावी ज्ञानसँग बढी सम्बन्धित र व्यवहारीक सीप निर्माण एवं धारणाको विकास तर्फ कम लक्षित पाइन्छन् । यस कारण केही शिक्षित महिलाहरू पनि महिला विकासको बारेमा आत्मनिर्भर, स्वरोजगार एवं आफै विश्वस्त हुन सकेका छैनन्, सामाजिक जालो च्यात्न सकेका छैनन् । नेपालमा पनि निःशुल्क

एवं सर्वसुलभ प्राथमिक शिक्षाको नीति कार्यान्वयन गरिनुका साथै अनिवार्य शिक्षालाई विशेष कार्यक्रमको रुपमा शुरुवात गरेको पाइन्छ । नवौं योजना (२०५४-२०५९) ले आधारभूत प्राथमिक शिक्षाको विस्तार तथा शिक्षाको गुणस्तरमा सुधार गर्ने प्राथमिकता तय गरेको पाइन्छ । दशौं योजना (२०५९-२०६४) र तेह्रौं त्रिवर्षीय अन्तरिम योजना (२०६९-२०७२) ले समेत यसलाई जोड दिएको पाइन्छ ।

बर्तमान समयमा शिक्षाको अधिकार सवैलाई समान वनाउने अभ्यासहरु धेरै क्षेत्रवाट भएता पनि सवै क्षेत्र, समुदाय, जातजाति शिक्षामा लैङ्गिक समानता हुन सकेको देखिदैन । तसर्थ मेरो शोध अनुसन्धानको विषयवस्तु छात्राहरुको शिक्षालाई प्रभाव पार्ने तत्वहरुसँग सम्वन्धित भई अगाडि बढेको हो ।

## १.२ समस्याको कथन

मानव जातिको विकासको मुख्य माध्यम शिक्षा हो भन्ने कुरा प्रमाणित भैसकेको छ । विश्वभरि नै शिक्षाको विकासलाई महत्व दिइएको छ । यस सम्बन्धी विभिन्न खोज, अनुसन्धान आदि कार्य व्यापक रुपमा भैरहेका छन् । नेपालको शैक्षिक विकासको लागि सरकारी तथा गैर सरकारी निकायबाट विभिन्न प्रयासहरु हुँदै आएका छन् । शैक्षिक विकासले मात्र सामाजिक असमानताहरु हटाउन सक्छ । लैङ्गिक विभेद हटाउन सक्छ । वि.सं. २००५ मा पद्मकन्या माध्यमिक विद्यालयको स्थापनासँगै नेपालमा महिला शिक्षाको औपचारिक शुरुवात भएको देखिन्छ । हाल तेह्रौं त्रिवर्षीय अन्तरिम योजना (२०६९-२०७२) ले समेत महिला शिक्षालाई विशेष महत्व दिंदै विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको पाइन्छ । तर पनि साक्षरता दरमा लैङ्गिक भिन्नता कायमै छ । यसमा भौगोलिक कठिनाइ, आर्थिक, सामाजिक, साँस्कृतिक बाधाहरूलाई कारण मानिदै आएको छ तर पनि पछिल्ला समयमा केही सुधार आएको देखिन्छ । दशौं योजनाको अन्तमा छात्राको प्रा.वि. तहमा सहभागिता ४८% पुगेको पाइन्छ । यो भर्नाको तथ्याङ्कमा सुधार देखिए पनि अझै सहरी र ग्रामीण स्तरमा ठूलो असमानता देखिन्छ । प्राथमिक शिक्षामा महिला र पुरुष सहभागिता, शैक्षिक क्रियाकलाप, विद्यालय भर्ना, महिला वर्गलाई सक्रिय बनाई सहभागिता बढाउनु पर्ने वर्तमान सन्दर्भमा यो शोधपत्रमा आधारभूत तह प्रा.वि.मा छात्राको भर्ना स्थिति,

नियमितताको स्थिति, छात्रा भर्नामा प्रभाव पार्ने तत्वहरु, नियमिततामा प्रभाव पार्ने तत्वहरु, तिनका समाधानका उपायहरु खोज्नमा केन्द्रित भई अध्ययन र विश्लेषण गरिने छ । तसर्थ यो अध्ययन निम्न प्रश्नको उत्तर खोजी गर्ने प्रयासमा हुनेछ :

१. छात्रा भर्नाको शैक्षिक सत्र २०७१ को स्थिति कस्तो छ ?
२. विद्यालयमा छात्राहरूको नियमितताको स्थिति कस्तो छ?
३. विद्यालयमा छात्राहरुको भर्ना र नियमिततामा प्रभाव पार्ने तत्वहरु के के हुन् ?
४. छात्रा भर्ना र नियमितता वृद्धि गर्न के के उपाय अपनाउनु पर्ला ?

## १.३ अध्ययनको औचित्य

कुनै पनि देशको विकासमा शिक्षाको भूमिका अहम् रहेको हुन्छ । समाजमा रहेका तमाम असमानता हटाउनको लागि समेत यसको महत्वपूर्ण स्थान रहन्छ । महिला र पुरुष दुबैमा समान शैक्षिक विकास हुनु पर्दछ । आजकी छात्रा भोलिकी आमा हुन् तसर्थ घरमा आमा शिक्षित भएमा मात्र परिवार शिक्षित हुन्छ । त्यसकारण महिलालाई शिक्षामा समान अवसर प्रदान गर्नु मुख्य दायित्व भएको छ । यसैलाई सबैको लागि शिक्षा कार्यक्रम २००१-२०१५ ले समेत उठाएको पाइन्छ । महिलालाई बढी जागरुक बनाई उत्पादनशील, आत्मनिर्भर र सीपमूलक बनाई मुलुकको विकासमा सहभागी बनाउनु आजको आवश्यकता हो । उपयुक्त नीति एवं कार्यक्रम तर्जुमा गरी समाजमा रहेका नकारात्मक धारणा हटाउनु अत्यावश्यक छ । सम्पन्न तथा शिक्षित महिलाले समेत यो हटाउन सकेका छैनन् । विभिन्न अधिकारकर्मीले समेत जोडदार आवाज उठाएको पाइन्छ तर पनि ग्रामीण, अशिक्षित तथा गरिब महिलाहरूमा यस्तो चेतनाको अभाव पाइन्छ, जसले गर्दा उनीहरूले कठिनाइ भोगिरहेका छन् । महिला क्रियाकलापहरूलाई बढी व्यवहारिक बनाउनको लागि नेतृत्व तथा प्रोत्साहन गर्ने महिलाको आवश्यकता खड्कीरहेको पाइन्छ ।

देश विकासको विविध पक्षमा शिक्षाको जति महत्व र आवश्यकता छ, आजको परिस्थितिमा शिक्षामा गुणस्तरीयता कायम गर्नु एवं शिक्षामा समान पहँच र सहभागिता सुनिश्चित गर्नु झन पढी आवश्यक छ । शिक्षामा समता र समानता कायम गर्नु शिक्षामा छात्रा

सहभागिता बढाउने, छात्रा नियमितता बढाउने उपाय खोज्नु वर्तमान परिप्रेक्ष्यमा “सबैको लागि शिक्षा २००१-२०१५” को नारालाई प्रभावकारी कार्यान्वयन गर्ने दौरानमा र नयाँ संविधान निर्माणमा शैक्षिक सवाललाई अझ बढी मजबुत बनाउने सवालमा समेत यो अध्ययन झन बढी महत्वपूर्ण भएको मैले महसुस गरेको छु ।

समाजमा रहेको असमानता हटाउन शिक्षाको भूमिका प्रभावकारी हुन्छ । चेतनाको स्तर उकासेर लैङ्गिक असमानता हटाई शिक्षामा समता र समानताको नारालाई प्रभावकारी गराउन पनि जरुरी छ । यसको लागि सबैले शिक्षा पाउने अधिकारको सुनिश्चितता हुनु पर्छ । यसबाट शिक्षक, अभिभावक, शिक्षाप्रेमी, शिक्षा सरोकारवाला समेतको सहयोग पुग्छ । त्यसैले यस शोध अनुसन्धानको औचित्य निम्नानुसार रहेका छन :

१. छात्रालाई शिक्षामा बढी भन्दा बढी सहभागी गराउन शिक्षक, समाज, विद्यालयले निभाउनु पर्ने उत्तरदायित्व समेत स्पष्ट पार्छ ।
२. विद्यालयमा छात्रा सहभागिता बढाउन गरिएको विभिन्न प्रयासको मूल्याङ्कनलाई सहयोग पुग्छ ।
३. यस अध्ययनबाट छात्रा तथा समुदायको प्राथमिक शिक्षामा समान अवसर र सहभागिता बढाउन अपनाउनु पर्ने भावी रणनीतिहरूको योजना बनाउन र छात्रासँग सम्बन्धित अन्य अनुसन्धान गर्न इच्छुक अनुसन्धानकर्तालाई अध्ययन अनुसन्धानको लागि सहयोग गर्छ ।
४. यस विषयसँग सरोकार राख्ने विभिन्न ब्यक्तिहरू, शिक्षकहरू, शिक्षाविदहरु, विभिन्न सरकारी निकायहरू, नीति निर्माताहरूलाई छात्राहरूको सहभागिता बृद्धि गर्ने, पाठ्यक्रम समयानुकुल परिमार्जन गर्न र नीति निर्माण गर्न समेत सहयोग मिल्छ ।

## १.४ अध्ययनका उद्देश्यहरू

यस शोध अध्ययनका उद्देश्यहरू यस प्रकार छन :

१. छात्राहरूको भर्ना र नियमितताको स्थिति पत्ता लगाउनु,
२. छात्राको भर्ना र नियमिततामा प्रभाव पार्ने तत्वहरू पत्ता लगाउनु,
३. छात्राहरूको भर्ना र नियमितता बृद्धि गर्ने उपायहरू सुझाउनु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

यस अनुसन्धानले निम्न अनुसन्धानात्मक प्रश्नहरुको माध्यमवाट निस्कर्ष निकाल्ने अभ्यास गरेको छ :

१. छात्रहरूको भर्ना र नियमितताको स्थिति के कस्तो छ ?

२. छात्राहरूको भर्ना र नियमितिताको प्रभाव पार्ने तत्वहरू कुन कुन हुन् ?

३. छात्राहरूको भर्ना र नियमितता बृद्धि गर्ने उपायहरु के के हुन सक्दछन ?

## १.६ अध्ययनको परिसीमा

यस अध्ययनको उद्देश्य र क्षेत्र व्यापक भएता पनि समय, स्रोत र साधनको अभावलाई मध्यनजर राखेर अध्ययनलाई सङ्खुवासभा जिल्ला भित्र मात्र सीमित रहनेछ । जसमा सङ्खुवासभा शहरी क्षेत्रको एक उ.मा.वि. र ग्रामीण क्षेत्रको एक उ.मा.वि.को प्रा.वि. तहको छात्रा भर्ना र नियमितताको मात्र अध्ययन गरिएको छ । जसानुसार :

१. यो अध्ययन सङ्खुवासभा जिल्लाका २ वटा सामुदायिक विद्यालयहरूमा मात्र सीमित गरिएको छ ।

२. यो अध्ययन नमूना छनौटमा परेका विद्यालयका प्रा.वि. तहका छात्राहरूको भर्ना र नियमितततामा मात्र सम्वन्धित छ ।

३. निर्धारित सङ्ख्याका विद्यालयका प्रा.वि. तह (१-५) अध्ययन गर्ने छात्राहरू लिइएको छ ।

४. यस अध्ययनको उद्देश्य परिपूर्तिको निमित्त सूचना दाताको रुपमा सम्बन्धित विद्यालयका प्र.अ., महिला शिक्षक, अभिभावक र छात्रालाई लिइएको छ ।

## १.७ मूख्य शव्दहरुको परिभाषा

| | |
|---|---|
| छात्रा | : केटी, महिला विद्‌यार्थी |
| निरीक्षक | : विद्यालय निरीक्षण गर्न तोकिएको कर्मचारी |
| सामुदायिक विद्यालय | : नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृत प्राप्त विद्यालय |
| प्राथमिक शिक्षा | : कक्षा १ देखि कक्षा ५ सम्म दिइने शिक्षा |
| मन्त्रालय | : नेपाल सरकार, शिक्षा मन्त्रालय |
| विभाग | : शिक्षा विभाग |
| व्यवस्थापन समिति | : विद्यालय व्यवस्थापन समिति |
| ऐन | : शिक्षा ऐन , २०२८ (संशोधन सहित) |
| नियम | : शिक्षा नियमावली, २०५९ (संशोधन सहित) |
| प्रभाव | : असर |
| भर्ना दर | : प्रवेश दर |
| नियमितता | : पठनपाठनका लागि विद्‌यालयको उपस्थितिमा निरन्तरता |

# परिच्छेद दुई :
# सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

वर्तमान विज्ञान र प्रविधिको युगमा विभिन्न पुस्तक, पत्रपत्रिका, लेख, रचना, अध्ययन र अनुसन्धानले गर्दा हरेक अनुसन्धानलाई सरलता प्रदान गरेको छ । छात्रा भर्ना र नियमिततामा प्रभाव पार्ने तत्वहरु पत्ता लगाउने सम्बन्धी अनुसन्धान गरिएका कृति तथा सामग्रीहरुको अझै पनि कमी छ । तसर्थ यो अध्ययनको क्रममा छात्रा भर्ना र नियमिततामा प्रभाव पार्ने तत्वहरुको पहिचानको र तिनीहरुका समाधानका उपायको खोजीको लागि विभिन्न पुस्तक, लेख, रचना, पत्रपत्रिका र अनुसन्धानात्मक खोजको अध्ययन गरिएको छ ।

पौडेल (२०६४) ले आफ्नो लेखमा महिला शिक्षा साक्षरताको लागि अनौपचारिक शिक्षाकेन्द्रको कार्यक्रममा समस्या र चुनौतीहरू औल्याएका छन् । वर्तमान अवस्थाको कार्यक्रम, कार्यशैली, सोच र नमुनामा त्यो उपलब्धि हासिल गर्न असम्भव देखिन्छ । मूलतः महिला शिक्षा कार्यक्रममा विभिन्न समस्या र चुनौतीहरू रहेका छन् । जसमा दीर्घकालीन र समाहित नीति र योजनाको अभाव हुनु, राजनैतिक प्रतिवद्धताको अभाव हुनु, Focous Group लाई Discussion कार्यक्रममा सहभागी गराउन नसक्नु, आवश्यकता अनुसारको वजेट अभाव, शैक्षिक व्यवस्था कमजोर र अस्थिर हुनु, कार्यक्रममा दोहोरोपन, निरन्तर कार्यक्रमको अभाव, उपर्युक्त सामग्री र कार्यक्रमको अभाव, उपर्युक्त संरचनाको अभाव हुनु र कार्यक्रमको योजना र कार्यान्वयनमा सरोकारवालालाई पूर्ण रुपमा सहभागिता गराउन नसक्नु पर्दछन् । (पौडेल, २०६४)। महिला विकासलाई साक्षरतामा मात्र सीमित नराखी एकीकृत रुपमा र निरन्तर रुपमा स्थानीय तहमा सरोकारवालाको सक्रिय र पूर्ण सहभागितामा दिगो विकास र गरिवी निवारणको लागि निरन्तर शिक्षाको रुपमा सञ्चालन गर्नु पर्दछ । यसको लागि उपर्युक्त विभिन्न विधिहरू खुल्ला राख्दै सरोकारवालाहरू सरकारी, गैर सरकारी संस्थाहरू वीचको समन्वय, स्वयम् नीति र राष्ट्रिय प्रतिबद्धता आवश्यकता छ ।

पौडेल (२०६४) का अनुसार दशौ योजनाको लैंगिक परीक्षण कार्यक्रमले, लैंगिक समानताको लागि विभिन्न छात्रवृत्ति तथा अन्य सुविधा प्रदान गरेको पाइन्छ । सबैको लागि शिक्षा कार्यक्रमको लागि विभिन्न आर्थिक र भौतिक सहयोग भैरहेको छ । यसबाट शिक्षा क्षेत्रमा महिला सहभागिता वढाउने काम पनि भएको छ । तर इच्छा गरेको तहसम्म पढ्न उनीहरूलाई स्वतन्त्रता छैन । वावुआमा, श्रीमान्को स्वीकृति विना घर वाहिर र देश वाहिर पढ्न जाने स्थिति छैन । आर्थिक श्रोतमाथि पहुँच कम हुनाले रुची अनुसारको रोजेको ठाउँमा पढ्न जान सक्षम छैनन् (पौडेल, ०६४) । पौडेल (२०६४) का अनुसार महिला माथि भएको सामाजिक विभेद, घरायसी हिंसा, परम्परागत शोषण र दमन एवं गलत सामाजिक प्रक्रियाको अनावश्यक लान्छनाबाट मुक्ति दिलाउन र महिलालाई समान रुपमा अवसर र सहभागिता प्रदान गर्न शिक्षाको अवसर पुऱ्याउनु जरुरी छ (पौडेल, २०६४) ।

नेपालमा महिला साक्षरता पनि पुरुषको तुलनामा कम छ । कक्षा चढ्दै जाँदा सहभागिता घट्दै गएको देखिन्छ । उमेर वढ्दै जाँदा घरको काम पनि बढ्दै जाने देखिन्छ । पढाइ बढाउँदा विहे गर्न खर्चिलो हुने एवं योग्य केटा पाउन कठिन पर्छ भन्ने सामाजिक मान्यता कायमै छ । छोरीमा गरेको खर्चले प्रतिफल दिँदैन, अरुको घरमा जाने जात आदि मान्यताले समेत शिक्षामा छात्राको सहभागिता घटाउँछ । तसर्थ मुख्य कुरा भनेको साक्षरता, विद्यालय भर्ना, विद्यालय निरन्तरता तथा उपलब्धिमा कम सहभागिता हो । छोरीको शिक्षाको निम्ति कम खर्च गर्ने मानसिकता, विद्यालयको शुल्क, पोशाक, पुस्तक, कापी, कलम आदिको खर्चले समेत सहभागिता कम गरेको भएता पनि समग्रमा गरिबी, कामको बोझ र सांस्कृतिक अवधारणाहरू महिला शिक्षाका वाधक तत्वहरू हुन् ।

नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभागद्वारा लैङ्गिक समविकासका लागि वालिका शिक्षाको रणनीति तथा कार्यान्वयन योजना (०६४) मा बालिका शिक्षा चुनौतीको रुपमा रहनुका कारणहरू निम्नानुसार उल्लेख गरेको छ । अभिभावकहरूमा छोरीलाई शिक्षा दिनुपर्छ भन्ने चेतनाको कमी, कमजोर आर्थिक अवस्था (३१% जनसङ्ख्या गरीवीको रेखामुनी), प्रभावकारी अनुगमन तथा मूल्याङ्कनको कमी, लक्षित वर्गसम्म उपर्युक्त पर्याप्त र सान्दर्भिक स्रोत परिचालनमा कमी र कठिनाई, वाल विवाह प्रथा, अस्वस्थ दोहोरो अर्थ लाग्ने तथा कार्यान्वयन हुन नसक्ने ऐन, नियम तथा नीतिहरू, विभिन्न आर्थिक, सामाजिक,

धार्मिक, सांस्कृति तथा भाषिक परिवेश, विद्यालय वाहिर रहेका लगभग १३% वालवालिकाहरू मध्ये द्वन्द्व पिडीत, दलित, अपाङ्ग र गरीवीको रेखामुनि रहेकाको वाहुल्यता, वालमैत्री वातावरणको अभाव, शिक्षकहरूद्वारा छात्र र छात्राहरू प्रति फरक व्यवहार, हरेक प्रा.वि.मा एक महिला शिक्षण राख्ने निति भए तापनि हालसम्म ११,००० प्रा.वि. महिला शिक्षकको उपलब्धता शुन्य, वि.स. ०६१ को तथ्याङ्क अनुसार १,०१,४८३ प्रा.वि. शिक्षकमध्ये जम्मा ३०,५०२ मात्र महिला शिक्षक, ८% महिला शिक्षक प्रधानाध्यापक, शिक्षा तथा खेलकुद मन्त्रालय अन्तर्गत शिक्षा सेवामा सह सचिव र उपसचिव स्तरमा क्रमश ४.७% र ६.८ तथा अधिकृत स्तरमा ४.९% मात्र महिला कर्मचारी हुनु ।

लैंगिक समविकासका लागि वालिका शिक्षाको रणनीति तथा कार्यन्वयन योजना (२०६४) अनुसार लैंगिक समताका लागि केही प्रयासहरु गरेको पाइन्छ । यसमा विद्यालय नक्साङ्कनमा आवश्यकताको पहिचान गरिएको, बालिकाहरु तथा सुविधा विहीन बालबालिकाका लागि छात्रवृत्ति तथा प्रोत्साहन कार्यक्रमहरु परीक्षण गरी परिमार्जन गर्दै लगेको, चेतना जगाउनको लागि सामाजिक परिचालन कार्यक्रमलाई प्राथमिकता दिएको, द्वन्द्व तथा प्राकृतिक प्रकोपबाट प्रभावित बालवालिकाहरुलाई निरन्तर सहयोगको लागि प्रभावकारी र भरपर्दो सूचना व्यवस्थापन विधि अपनाइएको, भौतिक निर्माण तथा संभार गरेको, शैक्षिक व्यवस्थापन, योजना तथा अनुगमनका लागि विद्यालय सुधार योजना तथा गाउँ शिक्षा योजनाको निर्माण सबै विद्यालयमा गरेको, जिल्ला शिक्षा, गाउँ शिक्षा र विद्यालय व्यवस्थापन समितिहरुमा महिलाहरुको अनिवार्य प्रतिनिधित्व गराएको, तीनओटा दरबन्दी भएको प्रत्येक प्राथमिक विद्यालयमा कम्तिमा एकजना, चारदेखि सात दरबन्दीमा दुई जना र सातभन्दा बढी दरबन्दी भएकोमा कम्तीमा तीनवटा महिला शिक्षकको व्यवस्था गरिएको, महिला शिक्षक तालिम प्राप्त नभए तापनि दुई वर्षका लागि अध्यापन अनुमति पत्र र शिक्षक पदको परीक्षामा उम्मेदवार हुन पाउने व्यवस्था गरिएको पाइन्छ (लैङ्गिक समविकासका लागि बालिका शिक्षाको रणनीति तथा कार्यान्वयन योजना, २०६४) ।

उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (२०५५) का अनुसार देशको आधासङ्ख्या ओगटेको महिला ७०% निरक्षर देखिन्छन् भने प्राथमिक विद्यालय जाने उमेरका ६०% वालिकाहरू विद्यालय छाड्ने गरेको पाइन्छ भने विश्वविद्यालयीय शिक्षा पाउने महिलाको

सङ्ख्या न्यून पाइन्छ । तसर्थ हाम्रो देशको शिक्षा विकासको क्रममा शुरु देखिनै पुरुषको तुलनामा महिला शिक्षाको अवस्था ज्यादै न्यून देखिन्छ (उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग प्रतिवेदन, २०५५) ।

शर्मा (२०५७) का अनुसार नारी शिक्षाको महत्व र यसलाई दिनु पर्ने प्राथमिकता वारे जति वढी सुन्न पाइन्छ त्यति प्रतिफल भने देख्न पाइएको छैन । गाउँघरमा छोरीलाई एस.एल.सी.सम्म शिक्षा दिने बाबुआमा पनि त्यो योग्यतालाई बिहे गर्न गतिलो केटा पाउनका लागि मात्र उपयोगी सम्झन्छन् । विद्यालय गएर पढ्न लागेकी बालिकाले शिक्षा आर्जन गरेर यो फाइदा हुन्छ भन्ने कुरा न आफैले बुझेकी हुन्छिन् न त अभिभावकले नै महत्व हुने देख्छन् ।

विद्यालय क्षेत्र सुधार कार्यक्रम (२०६६) का अनुसार केटीहरुलाई पनि पढाउनु पर्दछ भन्नेमा कम मान्यता राख्ने, केटीले घरको काम गर्नुपर्दछ भन्ने धारणा विद्यमान रहनु, गरिवका लागि अवसरको मूल्य बढी हुनु, छात्रालाई उपयुक्त शौचालयको व्यवस्था नहुनु, सिकाइ प्रक्रिया भेदभावकारी हुनु, प्रशासकीय पदमा महिलाको न्यून प्रतिनिधित्व हुनु र शिक्षण पेशामा महिला शिक्षकको सङ्ख्या कम हुनु नै समावेशी सहभागिताको सुनिश्चितताको लागि चुनौती हुन् । शिक्षा पद्धतिले साधारण तथा छात्राहरुको सहभागिता बढाउनु र पिछडिएका समूहका बच्चाको सहभागिता बढाउन प्रोत्साहित गरेको छ । यद्यपि शिक्षाको पहुँचमा स्पष्ट असमानता निरन्तर छ । जसले सामाजिक तनाव, बढ्दो आयको खाडल र बढ्दो अपेक्षाभाव महसुस गराएको छ । सरकारले आफूले सामाजिक न्याय र समानता दिने प्रतिबद्धता गरे अनुरुप उपलब्धिका लागि वातावरण बनाउन यी सवै बाधाहरु हटाई समान सहभागिताको पुलको काम गर्न शिक्षा पद्धति अग्रसर हुनुपर्दछ ।

## २.२ सैद्धान्तिक खाका

लैङ्गिक स्थिति प्राकृतिक नभएर समाजद्वारा नियोजित भूमिका, मूल्य, मान्यता, जिम्मेवारी हो परिवार तथा समुदायमा छोरा, छोरीवीच गरिने सामाजिकीकरण प्रक्रियाको प्रतिफल हो । छोरीलाई चुलो, चौको, दाउरा, घाँस र मेलापातमा सिमीत गरेको पाइन्छ । बच्चै देखि

छोराछोरी बीच विभेदपूर्ण व्यवहार गरिन्छ । छोरालाई विद्यालय जान बढी तर छोरीलाई कम प्राथमिकता, छोरालाई राम्रो र छोरीलाई कमसल विद्यालयमा पढाउनु, छोरालाई उच्च शिक्षाको राम्रो अवसर उपलब्ध गराउनु तर छोरीलाई वञ्चित गराउनु, छोरालाई शहरमा उच्च शिक्षा हासिलको लागि एक्लै पठाउनु तर छोरीलाई अभिभावक विना नपठाउनु आदि यसका उदाहरण हुन । आर्थिक उपार्जनका क्षेत्रमा रोजगारीमा नीति निर्णायक तहमा समेत छोरीलाई पछाडि पारेको पाइन्छ भने कृषि क्षेत्रमा महिला सहभागिता बढी छ । समाजमा बाल विबाह, वहुविबाह, अनमेल विवाह कायमै छन् । स्रोत, साधनमाथिको पहुँच पुरुषको तुलनामा महिलाको कम छ । समाजका यिनै व्यवहारले महिला र पुरुषवीच असमान व्यवहार कायम रहन मद्दत गर्दछ ।

महिलाहरूले पुरुष सरह अधिकार पाउनु पर्छ भन्ने धारणा नारीवादी हो भने यसको काम गर्ने, वकालत गर्ने, आन्दोलनमा उत्रने, महिला तथा पुरुष दुवैलाई नारीवादी भनिन्छ । साथै शिक्षामा महिलाको अस्तित्व एवं सचेतीकरण र सशक्तीकरण गराउनु पर्छ भन्ने वकालत गर्नेमा व्राजिलका पादरी पाउलो फ्रेरे (सन् १९७०) हुन् । उनको सिद्धान्त रिफ्लेक्ट तथा पुस्तक 'पिछडिएको समुदायका लागि शिक्षा' (Pedagogy of oppressed) को माध्यमबाट समाजमा दविएकाहरूलाई माथि उठाउने कुरा उठाएका छन् । फ्रेरे (सन् १९७०) का अनुसार अहिले भइरहेको पठनपाठन प्रक्रिया वैङ्गिग प्रणाली जस्तै हो अर्थात् शिक्षक बैंक ( टाउको) बाट विद्यार्थीको बैंक (टाउको) मा खन्याउने । यस्तो खालको शिक्षा प्रणालीले विद्यार्थीको सिर्जनात्मक क्षमताको ह्रास हुन जान्छ । सामन्ती एवं अधिनायकवादी सामाजिक संरचनामा यससम्बन्धी छलफल नै हुँदैन ।  छलफलको लागि समतामूलक समाजको आवश्यकता पर्दछ । किनकि यस्तो समाजका एकथरी सुन्ने मात्रै हुन्छन् अर्काथरी सुनाउने मात्रै हुन्छन् । सुनाउने संस्कार भएका सामन्ती एवम् अधिनायकवादी समाजका व्यक्तिहरुलाई सामान्य जनतासँग पनि सुनाउने कुरा हुन्छ भन्ने विश्वास हुँदैन । त्यसैले यस्ता सामन्ती एवम् अधिनायकवादी मान्यता उल्टाउन सबै शिक्षार्थीहरुलाई सुन्ने र सुनाउने कार्यमा लगाउनु  पर्दछ । यो क्रम बदल्नका लागि शोषित पीडित जनताहरुमा विश्वास गरेर उनीहरुलाई बादविवादमा सहभागी गराउन सकिन्छ । उनीहरुकै गाउँघरका कथा, कविता, उखानटुक्का, उपदेश, भनाइ, आदिलाई बटुलेर र तिनै कुराहरुमा रौंचिरा विश्लेषण गर्न लगाएमा सक्रिय वादविवाद हुन्छ । त्यही वादविवादमा आत्मविश्वास बढ्छ ।

आफू सशक्त भएको अनुभूति हुन्छ । आवश्यकताको बोध गरी सोही बमोजिम सिकाइमा सहभागिता बद्दछ । अन्तमा व्यक्ति आफू उन्मुक्त हुन्छ  ।

फ्रेरेले (१९७०) सचेतीकरणलाई सामाजिक, राजनीतिक र आर्थिक विरोधाभाषलाई बुझ्ने सिकाइ प्रक्रिया मानेका छन् । सिकारुलाई दविनुका वास्तविकताहरु थाहा पाउन सक्षम बनाउनु पर्छ र नयाँ सोचाइलाई कार्यरुपमा परिणत गर्ने माध्यमलाई संस्थापन भनेका छन् । विषयबस्तुलाई मनन गर्ने र वास्तविकतासँग तुलना गर्नेलाई समस्याकरण र संस्थापनलाई विश्लेषण गर्ने प्रक्रियालाई विस्थापन भनेका छन् । यसरी सिकारुलाई सशक्तीकरण गराउने माध्यमका रुपमा साक्षरताको शिक्षालाई उपयोग गर्नुपर्ने आवश्यकतालाई फ्रेरेले स्पष्ट पारेका छन् । तसर्थ रिफ्लेक्टलाई समुदायको सशक्तीकरणको माध्यमबाट साक्षरता प्रदान गर्ने विधिको रुपमा स्थिापित गरिएको छ । यसमा सहभागी केन्द्रित र परिस्थिति अनुरुपको साक्षरताको अभ्यासलाई महत्व दिइएको छ । यसमा परम्परागत शिक्षा प्रणालीलाई बैंकिङ्ग धारणा भन्दै आलोचना गरेका छन् । यसले सिकारुलाई निस्कृय तत्वका रुपमा लिएको छ । उसको क्रियाशीलता र सहभागितालाई नकारेको छ । उनले साक्षरताको शिक्षालाई सिकाइको सक्रिय सहभागितामा सञ्चालन गर्नु पर्ने र सिकारुका आवश्यकता अनुकूलको सिकाइ हुनु पर्ने कुरा औंल्याएका छन् ।

त्यस्तै सेरोफेरोमा अशिक्षा एवं निरक्षरताले नै कम विकसित मुलुक र महिला समुदाय पछाडी परेको कुरा अन्तर्राष्ट्रिय क्षेत्रले समेत स्वीकार गरी “सवैका लागि शिक्षा कार्यक्रम -२००१-२०१५” मा महिला शिक्षालाई मुख्य जोड दिएको पाइन्छ । समतामूलक पहुँच विस्तारको लागि विद्यालय सुधार कार्यक्रमले जोड दिएको पाइन्छ । जस अन्तर्गत गुणस्तरीयता, समता र समानताका लक्ष्य राखेको छ । जसले महिला, दलित, जनजाति, अल्प संङ्ख्यक तथा निन्न सक्षमता भएका समूह लगायतका सीमान्तकृत वर्गका लागि गुणस्तरीय आधारभूत शिक्षासम्म समतामूलक पहुँच पुऱ्याउने उद्देश्यलाई परिलक्षित गरेको छ (विद्यालय क्षेत्र सुधार कार्यक्रम, २०६६) ।

सन् १९९० मा थाइल्याण्डको जोमटिनमा भएको शिक्षा मन्त्रीहरुको सम्मेलनले सन् २००० सम्म “सबैको लागि शिक्षा” भन्ने घोषणा पत्र जारी गरे । एक दशक सम्ममा उल्लेखनीय

उपलब्धी नभए पछि सेनेगलको राजधानी डकारमा सन् २००० मा "सबैको लागि शिक्षा" मा पुनः प्रतिबद्धता जाहेर गरे, जसमा ११८ देशका प्रतिनिधि सहभागी थिए र नेपालले पनि प्रतिबद्धता जाहेर गरेको छ। जसमा भनिएको छ "हामी सहभागी, प्रत्येक नागरिक र प्रत्येक समाजका लागि सबैका लागि शिक्षाको उद्देश्य र लक्ष्य प्रति आफूलाई समर्पित गर्दछौं । शिक्षा आधारभूत मानव अधिकार हो। यो मुलुकको शान्ति, स्थायित्व र दिगो विकासका लागि मूलभूत तत्व हो। सबैको शिक्षाको अधिकार सुनिश्चिन गर्न सन् २०१५ सम्म उपलब्धी हासिल गर्न ६ वटा लक्ष्य निर्धारण गरेको छ। जसमा पूर्णरुपमा निःशुल्क र अनिवार्य शिक्षा प्राप्त गर्न सुनिश्चितता, जीवनोपयोगी सीप हासिल गर्न, शिक्षामा लैङ्गिक विभेद हटाउने, समान पहुँच स्थापना गर्ने र गुणस्तरीय शिक्षा पर्दछ।

माथि उल्लेखित फ्रेरे (सन् १९७०) को दृष्टिकोण र 'सबैका लागि शिक्षा' - २०१५ ले महिला सशक्तीकरण र शिक्षामा जोड दिएको हुनाले यो अध्ययनलाई तिनीहरुकै सोचसँग गाँसिएको छ।

## २.३ अनुसन्धानमा पुनरावलोकनको प्रयोग

पुनरावलोकन गरिएका सामग्रीहरु आफैमा अनुसन्धानकर्ताका लागि सहयोगी हुन्छन। यो अनुसन्धानको क्रममा पुनरावलोकन गरिएका सामग्रीहरुले पनि अनुसन्धानको ढाँचा निर्धारण देखि लिएर स्रोत, साधन, समय आकलन र सिमांकन गरिदिनुका साथै अनुसन्धानको मार्ग निर्धारण गर्न समेत सहयोग पुऱ्याएको अनुभुति भएको छ। के विषयमा अनुसन्धान गर्ने भन्ने समस्याको समाधान समेत यिनै पुनरावलोकित सामग्रीहरुले मेरा लागि गरिदिएको हो।

# परिच्छेद तीन :
# अध्ययन विधि

कुनै पनि अध्ययन अनुसन्धान कार्य गर्दा अनुसन्धानको प्रकृति अनुसार निर्धारित उद्देश्य हासिल गर्नको लागि आवश्यक पर्ने तथ्याङ्क प्राप्त गर्ने निश्चित उपायहरू वा विधिहरू अवलम्बन गर्नु पर्दछ । तसर्थ यस अनुसन्धानको उद्देश्य प्राप्तिका लागि निम्न लिखित विधिहरू अवलम्बन गरिएका छन :

## ३.१ अनुसन्धानात्मक ढाँचा

यो अध्ययन मुख्यतः गुणात्मक र परिमाणात्मक अध्ययन विधिमा आधारित रहने हुनाले यो वर्णनात्मक प्रकृतिको छ । प्रत्येक सूचना, जानकारी तथा तथ्याङ्कको प्रकृति व्याख्यात्मक स्वरुपमा राखिएको छ । यो अध्ययन मूलतः गुणात्मक विधिमा आधारित रहेर गरिएको हुनाले प्रस्तुतीकरणका विधिहरु व्याख्यात्मक र विश्लेषणात्मक छन् ।

## ३.२ जनसङ्ख्या र नमूना

### (क) जनसङ्ख्या

अध्ययनको  उद्देश्य प्राप्तिको लागि सङ्खुवासभा जिल्लाका ४११ वटा विद्यालयहरु मध्ये पूर्णतया सहरी र पूर्णतया ग्रामीण क्षेत्रको प्रतिनिधित्व गर्ने गरी छनौट गरिएका सामुदायिक विद्यालयहरुका प्रा.वि. तह र त्यससँग सरोकार राख्ने विद्यालय प्रधानाध्यापकहरु, तिनै विद्यालयका महिला शिक्षिकाहरु, विद्यालय जाने छात्राहरु, विद्यालय छाडेका छात्राहरु, दुवै थरीका छात्राका अभिभावकहरु, विद्याल व्यवस्थापन समितिका महिला सदस्यहरु नै यस अध्ययनको जनसङ्ख्याको रुपमा रहेका छन ।

### (ख) नमुना

सम्पूर्ण जनसङ्ख्या मध्ये अध्ययनको लागि प्रयोग भएको जनसङ्ख्या नै नमूना हो । यसको वारेमा उल्लेख गर्दा २ वटा सामुदायिक विद्यालय, २ जना प्रधानाध्याकहरु, ४ जना महिला

शिक्षिकाहरु, १२ जना विद्यालय जाने छात्राहरु, ४ जना विद्यालय छाडेका छात्राहरु, १६ जना दुवै किसिमका छात्राका अभिभावकहरु २ जना विद्यालय व्यवस्थापन समितिका महिला सदस्य गरी जम्मा ४० जना नमुनाको रुपमा रहेका छन । उल्लेखित नमुना छनौट गर्दा सहरी तथा ग्रामीण क्षेत्रलाई प्रतिनिधित्व गर्ने गरी असमानुपातिक स्तरीकृत नमूना छनौट विधि मध्ये चिठ्ठा विधिद्वारा एक/एक वटा सामुदायिक उ.मा.वि.हरु छानिएको थियो । सोही बमोजिम अध्ययनको उद्देश्य प्राप्तिका लागि दुवै विद्यालयका प्र.अ.हरु, २/२ महिला शिक्षिकाहरु, विद्यालय व्यवस्थापन समितिका महिला सदस्यहरुलाई उद्देश्य मूलक नमूना छनौट विधिको आधारमा छनौट गरिएको थियो । त्यस्तै प्रत्येक कक्षाबाट कम्तीमा एकजना विद्यार्थीको प्रतिनिधित्व हुने गरी ६/६ जना विद्यालय जाने विद्यार्थीलाई सम्भावनायुक्त नमूना छनौट विधिद्वारा (Random Sampling) र ८/८ जना तिनीहरुका अभिभावकहरुलाई तथा विद्यालय छाडेका २/२ जना छात्रा र सोहि सङ्ख्यामा छाड्ने विद्यार्थीका अभिभावकलाई गोलाप्रथाद्वारा छनौट गर्ने गरी आधार तयार गरिएको थियो ।

## ३.३ तथ्याङ्क सङ्कलनका साधनहरु

तथ्याङ्क सङ्कलनको लागि प्राथमिक तथ्याङ्क सङ्कलनका साधनहरू जस्तै सामुहिक अन्तरवार्ताको लागि मार्ग निर्देशनहरू, अन्तरवार्ता प्रश्नहरू, अवलोकन फारम, कार्यक्षेत्र टिपोटहरू र सहायक श्रोतहरू उपयोग गरिएको छ । यस अध्ययनमा आवश्यक परिमाणात्मक सूचनाहरूको पनि उपयोग गरिएका छन् । निर्धारित उद्देश्य परिपूर्तिको निमित्त निम्न साधनहरू निर्माण एवं प्रयोग गरिएको छ :

(क) लक्षित समूह छलफलका लागि मार्ग निर्देशनहरू

(ख) अन्तरवार्ता सूची

(ग) विद्यालय सर्वेक्षण फारम

(घ) प्रश्नावलीहरु

(ङ) टिपोट नोट

(च) अवलोकन फाराम ।

## ३.४ तथ्याङ्क सङ्कलन प्रक्रिया

यो अध्ययन मुलतः गुणात्मक प्रकृतिको भएकोले आंकडा सङ्कलनमा गुणात्मक विधि मुख्य र आवश्यकता अनुसार परिमाणात्मक सूचनाहरू सङ्कलन गरिएको छ । यसको लागि अध्ययनकर्ता स्वयं अध्ययन क्षेत्रमा गइ निर्मित साधनको सहायताले विद्यालयमा प्र.अ., महिला शिक्षिका, अभिभावकहरू, छात्राहरू र वि.व्य.स. महिला सदस्यसँग व्यक्तिगत तथा सामुहिक अन्तरवार्ताका माध्यमबाट आवश्यक आंकडा सङ्कलन गरिएका छन् । त्यस्तै गरी दृितिय श्रोतको रुपमा विभिन्न अभिलेखहरूबाट र विद्यालय सर्वेक्षण फारमको सहायताले प्राथमिक  तथ्याङ्क सङ्कलन गरिएका छन् ।

## ३.५ तथ्याङ्क विश्लेषण प्रकृया

अध्ययन अनुसन्धानको सफलता सूचनाहरूको सङ्कलन, सङ्कलित सूचनाहरूको उद्देश्यमूलक प्रस्तुतीकण, तालिकीकरण, तिनको विश्लेषण र व्याख्यामा निर्भर गर्दछ । यो अध्ययनबाट प्राप्त सूचनाको विश्लेषण र व्याख्या गर्दा वर्णनात्मक विधिलाई अनुकरण गरिएको छ । निर्धारित उद्देश्यलाई उपशीर्षकमा विभाजन गरी तिनको विश्लेषण र व्याख्या गरिएका छन् । परिमाणात्मक सूचनाको विश्लेषण गर्दा सामान्य प्रतिशत पनि उपयोग गरिएको छ ।

# परिच्छेद चार :
# नतिजा विश्लेषण

विद्यालयको प्राथमिक तहमा छात्राहरूको भर्ना र नियमितताको वर्तमान स्थिति पत्ता लगाई भर्ना र नियमिततामा प्रभाव पार्ने तत्वहरू पत्ता लगाउनुका साथै छात्रा भर्ना र नियमितता बढाउने उपाय पत्ता लगाउनु यस अध्ययनको मुख्य उद्देश्य हो । यस उद्देश्य हासिल गर्नका लागि छनौटमा परेका २ वटा विद्यायलका प्र.अ.हरू, महिला शिक्षिकाहरू, छात्राहरू, अभिभावकहरू र विद्यालय व्यवस्थापन समितिका महिला सदस्यहरूबाट अन्तर्वार्ता सूची र सामूहिक अन्तर्वार्ताको माध्यमबाट सूचना सङ्कलन गरिएको थियो भने विद्यालय सर्वेक्षण फारम भरी आवश्यक परिमाणात्मक तथ्याङ्क लिइएको थियो । सङ्कलित सूचनाहरूलाई विभिन्न शीर्षकमा राखी तिनको विश्लेषण एवं व्याख्या गरिएको छ । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

## ४.१ छात्राहरूको भर्ना स्थिति

छनौट गरिएका विद्यालयमा कक्षा १ देखि ५ सम्म अध्ययन गर्ने सहरी र ग्रामीण विद्यालयको छात्रा/छात्रहरूको भर्ना विवरण लिइएको थियो । जसलाई तलको तालिकामा देखाइएको छ ।

तालिका नं. १

छात्रा भर्नाको वर्तमान स्थिति शैक्षिक सत्र, २०७१

| कक्षा | श्री वागीश्वरी उ.मा.वि.<br>ढुङ्गेधारा (सहरी) | | | श्री अरुणोदय उ.मा.वि.<br>लिङ्गम (ग्रामीण) | | |
|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | १३<br>-४३.३% | १७<br>-५६.७ % | ३०<br>-१००% | २०<br>-४३.४% | २६<br>-५६.६% | ४६<br>-१००% |
| २ | १५<br>-४६.८% | १७<br>-५३.२% | ३२<br>-१००% | २०<br>-६८.८% | ९<br>-३१.२% | २९<br>-१००% |
| ३ | १५ | १२ | २७ | ११ | ८ | १९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | -५५.५% | -४४.५% | -१००% | -५७.८% | -४२.२% | -१००% |
| ४ | २६<br>-६६.६% | १३<br>-३३.४% | ३९<br>-१००% | १४<br>-४०% | २१<br>-६०% | ३५<br>-१००% |
| ५ | १७<br>-४१.४% | २४<br>-५८.६% | ४१<br>-१००% | २१<br>-४८.८% | २२<br>-५१.२% | ४३<br>-१००% |
| | ८६-५०.८% | ८३-४९.२% | १६९-१००% | ८६-५०% | ८६-५०% | १७२-१००% |

*स्रोत : विद्यालय सर्वेक्षण, २०७१*

तालिका नं. १ मा दिइए बमोजिम छनौटमा परेका दुईवटा विद्यालयका प्राथमिक तहका छात्र/छात्राको भर्नाको स्थिति हेर्दा शैक्षिक सत्र २०७१ मा श्री वागीश्वरी उ.मा.वि. ढुङ्गेधारा (सहरी) को कक्षा १, कक्षा २ र कक्षा ५ मा छात्रा सङ्ख्या छात्रको तुलनामा कम रहेको पाइन्छ भने कक्षा ३ र कक्षा ४ मा छात्रा सङ्ख्या छात्रको तुलनामा बढी देखिन्छ । कूल भर्नामा भने छात्रभन्दा छात्राको सङ्ख्या बढी छ । सहरी क्षेत्रमा छात्रा भर्ना बढी देखिनुलाई चेतनास्तर बढी हुनु तथा पहुँचको सुनिश्चितता हो ।

यस विद्यालयको प्राथमिक तहमा सबै भन्दा बढी भर्ना कक्षा ५ मा ४१ जना विद्यार्थीहरू रहेको देखियो भने सबै भन्दा घटी कक्षा ३ मा २७ जना देखियो । त्यस्तै गरी छात्रा भर्ना प्रतिशत कक्षा ४ मा ६६.६% देखियो । कुल विद्यार्थी १६९ जना रहेकोमा छात्रा ८६ ( ५०.८%) र छात्र ८३ (४९.२%) देखियो ।

यस्तै गरी श्री अरुणोदय उ.मा.वि.लिङ्गम (ग्रामीण)को कक्षा १, ४ र ५ का छात्राको सङ्ख्या छात्रको भन्दा कम रहेको छ भने कक्षा २ र ३ मा छात्राको सङ्ख्या बढी छ । कुल सङ्ख्या भने बराबर देखिन्छ । यस विद्यालयको प्राथमिक तहमा सबै भन्दा बढी विद्यार्थी शैक्षिक सत्र २०७१ मा कक्षा १ मा ४६ जना भएको पाइन्छ भने सबै भन्दा कम विद्यार्थी भर्ना कक्षा ३ मा १९ जना भएको देखियो । विद्यार्थी भर्ना प्रतिशत मध्ये कक्षा २ मा ६८.८% छात्रा भर्ना भएको देखियो । कुल विद्यार्थी १७२ जना मध्येमा छात्रा ८६ (५०%) र छात्र ८६ (५०%) रहेको पाइयो ।

यस प्रकार छनोटमा परेका सहरी र ग्रामीण विद्यालय मध्ये क्रमशः सहरी विद्यालयमा छात्रा/छात्र भर्नाको स्थिति हेर्दा श्री वागीश्वरी उ.मा.वि. मा छात्रको तुलनामा छात्रा १.६% बढी रहेको देखियो । जसमा छात्रा ८६ (५०.८%) र छात्र ८३ (४९.२%) देखियो । त्यस्तै गरी ग्रामीण विद्यालयमा छात्रा/छात्र भर्नाको स्थिति हेर्दा श्री अरुणोदय उ.मा.वि. लिङ्गममा छात्र र छात्राको प्रतिशत ठ्याक्कै बराबर ५०% नै रहेको पाइयो । जसमा १७२ जना जम्मा विद्यार्थी मध्ये छात्रा ८६ (५०%) र छात्र (५०%) रहेको देखियो । माथिको तालिकाबाट यो तथ्य स्पष्ट देखिन्छ कि ग्रामिण विद्यालयमा भन्दा सहरी विद्यालयमा छात्रा सहभागिताको स्थिति वढि देखिन्छ । जुन फ्रेरेको सचेतीकरण सँग मेल खान्छ । उनका अनुसार शिक्षाले सचेतीकरण बढाउछ र त्यसले शिक्षामा सहभागिता वृद्धि हुन्छ ।

## ४.२ छात्राको नियमितताको स्थिति

अध्ययनका लागि छनौट गरिएका दुईवटा विद्यालयमा कक्षा १ देखि कक्षा ५ सम्म अधययन गर्ने सहरी विद्यालयको र ग्रामीण विद्यालयको छात्राको नियमितता (उपस्थिति) विवरण लिइएको थियो । शिक्षा नियमावली २०५९ को परिच्छेद १५, नियम ४८ को उपनियम ५ मा उल्लेखित गरे अनुसार वर्षभरीमा कम्तीमा पनि २२० दिन विद्यालय खोल्नु पर्ने भनी तोकिएको छ तर अध्ययन क्षेत्रका विद्यालयमा जम्मा १९५ दिन र १९७ दिन खुलेको देखियो । छात्राको विद्यालय उपस्थिति दिनहरूको औषत तल तालिकामा दिइएको छ :

तालिका नं. २


छात्राको विद्यालय उपस्थिति विवरण, २०७१

| कक्षा | सहरी छात्राको औषत उपस्थिति (विद्यालय खुलेको कूल दिन=१९५) | | ग्रामीण छात्राको औषत उपस्थिति (विद्यालय खुलेको कूल दिन=१९७) | |
|---|---|---|---|---|
| | उपस्थिति | प्रतिशत | उपस्थिति | प्रतिशत |
| १ | १८० | ९२.३ | १७७.५ | ९०.१ |
| २ | १८१.४ | ९३ | १८०.४ | ९१.५ |
| ३ | १८०.२ | ९२.४ | १७८ | ९०.३ |
| ४ | १८२ | ९३.३ | १७६.७ | ८९.६ |

| | | | | |
|---|---|---|---|---|
| ५ | १८१.५ | ९३ | १८१ | ९१.८ |
| कूल | १८१.२ | ९२.८ | १७८.७ | ९०.०७ |

*स्रोत : विद्यालय सर्वेक्षण, २०६५*

माथिको तालिकालाई स्तम्भचित्रमा प्रस्तुत गर्दा,




माथिको तालिका र स्तम्भ चित्र अनुसार १९५ दिन विद्यालय खुलेकोमा श्री वागीश्वरी उ.मा.वि. (सहरी) छात्राको औषत उपस्थिति कक्षा १ को १८० (९२.३%) दिन नियमित उपस्थित भएको  पाइयो । कक्षा २ मा छात्रा १८१.४ (९३%) दिन उपस्थिति देखियो । कक्षा ३ मा छात्रा १८०.२ (९२.४%) दिन नियमित उपस्थित पाइयो । त्यस्तै गरी कक्षा ४ मा १८२ (९३.३%) दिन उपस्थिति पाइयो भने कक्षा ५ को छात्रा नियमित उपस्थिति १८१.५ ( ९३%) पाइयो । यहाँ कक्षा २ र ५ मा बरावर उपस्थिति पाइयो भने सबैभन्दा बढी कक्षा ४ मा ९३.३% र कम कक्षा १ मा ९२.३% उपस्थिति देखियो । यसको औसत उपस्थिति ९४ प्रतिशत भन्दा माथि पुग्न सकेको छैन ।

त्यस्तै गरी श्री अरुणोदय उ.मा.वि. (ग्रामीण) छात्राको औसत उपस्थिति कक्षा १ मा १७७.५ (९०.१%) दिन नियमित उपस्थिति भएको पाइयो । त्यस्तै कक्षा २ मा छात्रा १८०.४ (

९१.५%) उपस्थिति पाइयो । त्यस्तै कक्षा २ मा छात्रा १७८ (९०.३%) नियमित उपस्थिति देखियो भने कक्षा ४ मा छात्रा उपस्थिति १७६.६ (८९.६%) र कक्षा ५ मा छात्रा उपस्थिति १८१ (९१.८%) दिन देखियो । यसको औसत उपस्थिति ९२ प्रतिशत भन्दा माथि पुगेको छैन ।

तुलनात्मक रुपमा हेर्दा श्री वागीश्वरी उ.मा.वि. (सहरी) छात्राको नियमित उपस्थिति श्री अरुणोदय उ.मा.वि. (ग्रामीण) छात्राको भन्दा बढी पाइयो । यसरी नियमित उपस्थितिमध्ये सहरी क्षेत्रको विद्यालय श्री वागीश्वरी उ.मा.वि.को छात्राको औसत उपस्थिति ९२.८% देखिन्छ जुन श्री अरुणोदय उ.मा.वि. मदनपोखराको ९०.०७% को तुलनामा करीव २.७३% ले बढी देखिन्छ । त्यस्तै २२० दिन खुल्नु पर्ने विद्यलायहरुमा वागीश्वरी उ.मा.वि २५ दिन कम र अरुणोदय उमा.वि. २३ दिन कम खुलेको पाइन्छ । यसले पनि सिकाइमा र विद्यार्थीको नियमिततामा नकारात्मक असर पार्दछ । यसरी घटी बढी हुनुमा विभिन्न कारणहरू रहेका छन् । जसलाई पछिल्लो एकाइमा व्याख्या गरिएको छ । यसबाट यो निष्कर्षमा पुग्न सकिन्छ कि सहरी क्षेत्रमा जनताको आर्थिक सामाजिक स्तर माथि छ र छात्रा नियमितता बढाएको छ । जुन मार्क्सको वर्ग सिद्धान्तसँग मेल खान्छ । समाजमा भएका वर्गमध्ये तल्लो वर्गको आर्थिक हैसियत कमजोर हुने र माथिल्लो वर्गको आर्थिक अवस्था राम्रो हुन्छ । फलस्वरुप सहरमा अवसर बढी हुनाले अवसर पाउनेबाट नियमितता बढाउछ ।

## ४.३ छात्रा भर्ना र नियमिततामा प्रभाव पार्ने तत्वहरू

छात्रा भर्ना र नियमिततालाई प्रभाव पार्ने तत्वहरू सम्बन्धी जानकारी अन्तर्वार्ता सूची तथा सामूहिक छलफल मार्फत प्राप्त गरिएको थियो । ती जानकारीहरूलाई विभिन्न विषय शीर्षक अन्तर्गत तल विश्लेषण एवं व्याख्या गरिएको छ ।

## ४.३.१ छात्रा भर्नामा प्रभाव पार्ने तत्वहरू

छात्रा भर्नामा प्रभाव पार्ने तत्वहरू सम्बन्धमा छनौटमा परेका विद्यालयका प्रधानाध्यापकहरू, महिला शिक्षिका, विद्यालय जाने र छोडेका छात्रा वा अभिभावक, विद्यालय जाने र छाडेका छात्राहरू एवं विद्यालय व्यवस्थापन समितिका महिला सदस्यसँग लिइएको अन्तरवार्ता तथा सामुहिक छलफलका माध्यमबाट प्राप्त सूचनालाई विद्यालयसँग संबन्धित कारणहरू (तत्व), सामाजिक कारणहरू (तत्व), पारिवारिक कारणहरू (तत्व), आर्थिक कारणहरू (तत्व), राजनैतिक कारणहरू (तत्व) समूहमा विभाजन गरियो ।

### ४.३.१.१ विद्यालयसँग सम्बन्धित तत्वहरू

विभिन्न सूचनादाताबाट प्राप्त सूचना विश्लेषण गरी तालिकामा प्रस्तुत गरिएको छ । जुन तालिका परिशिष्ट ३ मा समावेश गरिएको छ । परिशिष्ट ३ मा उल्लेख भए अनुसार छात्रा भर्नाको सम्बन्धमा शतप्रतिशत २ प्र.अ.हरूले, शतप्रतिशत ४ महिला शिक्षिकाले, ६२.५% विद्यालय जाने छात्राका अभिभावकले, ७५% विद्यालय छाडेका छात्राका अभिभावकले र शतप्रतिशत विद्यालय व्यवस्थापन समितिका महिला सदस्यले विद्यालयमा सञ्चालन गरिने विविध जनचेतनामूलक कार्यक्रमहरू जस्तैः घरदैलो कार्यक्रम, विद्यालय स्वागत कार्यक्रम अभिभावक भेला, वार्षिक उत्सव एवं विद्यालय तथा अभिभावकबीच समय समयमा हुने अन्तरक्रिया कार्यक्रमले सकारात्मक प्रभाव पार्ने कुरा बताए ।

छनौटमा परेका दुईवटा विद्यालय मध्ये सहरी विद्यालयमा छात्रा भर्ना केही राम्रो पाइयो । ग्रामीण क्षेत्रमा छोरीलाई पढाएर फाइदा छैन, छोरीको प्रतिफल खान पाँइदैन भन्ने धारणा विद्यालय छाडेका विद्यार्थीका अभिभावकहरूले भनेको पाइयो । यस्तो सोचाइ चेतनाको कमीले नै हो ।

यसै गरी सरकारी नीति नियमका अस्पष्टताका कारण आवश्यक सबै छात्रालाई पर्याप्त छात्रवृत्तिको अभाव, विद्यालय र घरको भौगोलिक दूरीको कारणले छात्राहरूलाई विद्यालय भर्नामा प्रभाव पारेको कुरा शतप्रातिशत प्र.अ.हरूले, शतप्रतिशत महिला शिक्षिकाले,

शतप्रतिशत विद्यालय व्यवस्थापन समितिका महिला सदस्यले, ७५% विद्यालय जाने छात्राका अभिभावकले र विद्यालय छाडेका विद्यार्थीहरूले, ५०% विद्यालय छोडेका विद्यार्थीका अभिभावकले र ३३.३% विद्यालय जाने छात्राले बताए ।

यसैगरी विद्यालयमा सुरक्षाको वातावरणले छात्रा भर्नालाई प्रभाव पर्ने कुरा शतप्रतिशत प्र.अ., शतप्रतिशत महिला शिक्षिका, शत प्रतिशत वि.व्य.स. महिला सदस्य, ८७.५% विद्यालय जाने छात्राका अभिभावक, शतप्रतिशत विद्यालय जाने छात्रा र ७५% विद्यालय छाडेका छात्राले बताए । जसमा विद्यालय अवलोकनबाट विद्यालयमा शौचालयहरूको स्थिति दयनीय देखियो । विद्यालय छाडेका ४ जना छात्रासँगको अन्तवार्ताका क्रममा उनीहरुको विद्यालय जान डराउने बताए । विद्यालयमा महिला शिक्षिकाको नियुक्तिले पनि छात्रा भर्नामा प्रभाव पर्ने कुरा महिला शिक्षिका, अभिभावक र विद्यार्थीहरूसँग लिइएकै अन्तरवार्ताबाट स्पष्ट भयो । विद्यालयमा महिला शिक्षिका हुँदा छात्राहरू आफूलाई बढी सुरक्षित भएको महसुस गर्ने गरेको पाइयो । विद्यालय जाने दुई तिहाइ विद्यार्थीले र छाडेका शतप्रतिशत विद्यार्थीले विद्यालयमा महिला शिक्षिका चाहिने बताए ।

विद्यालयमा हुने विद्यार्थी मूल्याङ्कनले पनि छात्रा भर्नामा प्रभाव पार्ने कुरा शतप्रतिशत प्र.अ., महिला शिक्षिका र विद्यालय व्यवस्थापन समितिले तथा ५०% विद्यालय जाने छात्राका अभिभावकले बताए । विद्यालयमा हुने कक्षोन्नति नीति कस्तो छ र उदार नीति भएमा छात्रा भर्ना बृद्धि गर्न सकिन्छ भन्ने कुरा पाइयो ।

यसप्रकार माथिको तथ्याङ्क र त्यसको विश्लेषण गर्दा छात्रा भर्नामा प्रभाव पार्ने विविध कारणहरूमध्ये विद्यालयसँग सम्बन्धित कारणहरू जस्तै जनचेतनामूलक कार्यक्रम, सरकारी नीति नियम, सुरक्षाको व्यवस्था, महिला शिक्षिकाको नियुक्ति, विद्यार्थी मूल्याङ्कन रहेको पाइयो । यसबाट भन्न सकिन्छ कि सबैका लागि शिक्षा २००१- २०१५ को लक्ष्य हासिल गर्न पहुँचको सुनिश्चितता अनिवार्य छ । सबैका लागि शिक्षा कार्यक्रमको लक्ष्य अनुसार विद्यालय बाहिर विद्यार्थी हुनु हुँदैन । त्यसको लागि गुणस्तर, सान्दर्भिकता र पहुँचमा ग्यारेन्टी गर्नु  पर्छ ।

### ४.३.१.२ पारिवारिक कारण/तत्वहरू

विद्यालय जाने र नजाने वा छाडेका छात्राका अभिभावकहरूलाई सामूहिक छलफलद्वारा उनीहरूको धारणाअनुसार पारिवारिक आधारले पनि छात्रा भर्नामा प्रभाव पारेको हुन्छ । सानो परिवारको भन्दा ठूलो परिवार वा संयुक्त परिवारका छात्रा भर्ना कम हुन्छ भनी २५% विद्यालय जाने छात्राका अभिभावक र ५०% विद्यालय छाडेका छात्राका अभिभावकहरूले बताए । उनीहरूले संयुक्त परिवारमा धेरै वालबच्चा हुने र बढेकाले साना भाइबहिनीलाई स्याहार गर्नुपर्छ भनी बताए ।

त्यस्तै परिवारको शैक्षिक अवस्थाले पनि छात्रा भर्नामा प्रभाव पर्दछ भनी ७५% विद्यालय जाने छात्राका अभिभावक र २५% विद्यालय छाडेका छात्राका अभिभावकले बताए । छात्रा भर्ना बढी भएका विद्यालयका अभिभावक शिक्षित, सानो परिवार, रोजगारी राम्रो भएको आदि कारणले गर्दा उनीहरूको भर्ना राम्रो पाइयो । छात्रा भर्ना कम हुनुमा ती पक्षमा समस्याले गर्दा उनीहरूको भर्ना कम पाइयो । आमाबाबु निरक्षर भएमा बालिकालाई शिक्षा दिनु पर्छ भन्ने ज्ञानको अभाव पाइयो । घारायसी काममा मात्र छोरीको पढाइ अनुत्पादन मान्ने प्रबृत्ति, शिक्षाको महत्व नबुझ्ने, आदिले पनि छात्रा भर्नामा प्रभाव परेको स्थिति ग्रामीण क्षेत्रमा पाइयो । यसको आधारमा मार्क्सका आर्थिक-सामाजिक र सांस्कृतिक विश्लेषणले समाजको परिवर्तनमा प्रभाव पारेको हुन्छ । फलस्वरुप आर्थिक स्तर उठेका अभिभावकका छात्राको भर्ना राम्रो छ भने न्यून आय भएका अभिभावकका छात्रा भर्ना सन्तोषजनक छैन् ।

### ४.३.१.३ सामाजिक कारणहरू/तत्वहरू

प्र.अ., महिला शिक्षिका, विद्यालय जाने र नजाने छात्रामा अभिभावक एवं विद्यालय व्यवस्थापन समितिका महिला सदस्यसँग लिएको अन्तरवार्ता र सामूहिक छलफलबाट छात्रा भर्नामा सामाजिक कारणले उल्लेखनीय प्रभाव परेको पाइयो । जुन तलको तालिकामा देखाइएको छ :

तालिका नं. ३

छात्रा भर्नामा प्रभाव पर्ने सामाजिक कारणहरू/तत्वहरू

| क.सं | सामाजिक तत्वहरू | प्र.अ. (२) | महिला शिक्षिका (४) | विद्यालय जाने छात्राका अभिभावक (१२) | विद्यालय छाडेका छात्राका अभिभावक (४) | विद्यालय व्यवस्थापन समिति म. सदस्य (२) |
|---|---|---|---|---|---|---|
| १ | लैङ्गिक विभेद | २ (१००%) | ४ (१००%) | ९ (७५%) | ३ (७५%) | २ (१००%) |
| २ | धार्मिक विभेद | २ (१००%) | ४ (१००%) | ६ (५०%) | २ (५०%) | २ (१००%) |
| ३ | सामाजिक मूल्य, मान्यता र विश्वास | २ (१००%) | ४ (१००%) | ६ (५०%) | ३ (७५%) | २ (१००%) |

*स्रोत : विद्यालय सर्वेक्षण, २०७१*

माथिको तालिका अनुसार लैङ्गिक विभेदले गर्दा छात्रा भर्नामा प्रभाव पार्दछ भनी शतप्रतिशत प्र.अ., महिला शिक्षिका र विद्यालय व्यवस्थापन समितिका सदस्य एवं ७५% विद्यालय जाने र छाडेका छात्राका अभिभावकले बताए । जसमा छोरा र छोरीलाई हेर्ने दृष्टिकोणमा फरक रहेको, उनीहरुप्रति गर्ने व्यवहार विभेदपूर्ण भएको, छोरीलाई पराइको घरमा जाने जात आदि कुराले नकारात्मक प्रभाव पारेको पाइयो ।

धार्मिक एवं साँस्कृतिक कारणले गर्दा छात्रा भर्नामा प्रभाव पर्छ भन्ने कुरामा शतप्रतिशत प्र.अ., महिला शिक्षिका र विद्यालय व्यवस्थापन समितिका सदस्यहरू तथा ५०% विद्यालय जाने र छाडेका अभिभावकहरूले बताए । सहरी क्षेत्रमा दिदी बहिनी सरकारी विद्यालयमा र दाजु भाई निजी विद्यालयमा पढाउने कुरामा शतप्रतिशत महिला शिक्षिकाले बताए ।

त्यस्तै सामाजिक मूल्य मान्यता र विश्वासले गर्दा छात्रा भर्नालाई प्रभाव पार्छ भन्ने कुरामा शतप्रतिशत प्र.अ., महिला शिक्षिका र विद्यालय व्यवस्थापन समितिका सदस्य तथा ५० प्रतिशत विद्यालय जाने छात्राका अभिभावक र ७५ प्रतिशत विद्यालय छाडेका छात्राका

अभिभावकले बताए । जसले गर्दा छोरीलाई घरको चुलोचौको, मेलापतमा लगाउनु पर्छ भन्ने सामाजिक मान्यता रहेकोमा शतप्रतिशत महिला शिक्षिकाहरू सहमत भएको पाइयो । यसप्रकार छात्रा भर्नामा प्रभाव पर्ने तत्वहरूमा सामाजिक कारण एक प्रभावकारी एवं महत्वपूर्ण रहेको तथ्य प्रमाणित हुन्छ । जुन कुरा फ्रेरेको रिफ्लेक्टसँग मेल खान्छ । फ्रेरेको अनुसार सहभागिको आवश्यकता अनुसारको पाठ्यक्रम बनाई उनीहरुको सक्रिय सहभागितामा जोड दिनु पर्दछ ।

#### ४.३.१.४ आर्थिक कारण/तत्वहरू

विद्यालय जाने छात्राका अभिभावक, नजाने छात्राका अभिभावकलाई, विद्यालय जाने र छाडेका छात्रा तथा विद्यालय व्यवस्थापन समतिका महिला सदस्यलाई सामूहिक छलफलबाट लिइएका सूचनाहरू तल देखाइएको छ :

तालिका नं. ४

छात्रा भर्नामा प्रभाव पार्ने आर्थिक कारण/तत्वहरू

| क्र.सं | आर्थिक तत्वहरू | विद्यालय जाने छात्राका अभिभावक (१२) | विद्यालय छाडेका छात्राका अभिभावक (४) | विद्यालय जाने छात्रा (१२) | विद्यालय छाडेका छात्रा (४) | विद्यालय व्यवस्थापन समिति सदस्य (२) |
|---|---|---|---|---|---|---|
| १ | गरिवी | १२ (१००%) | ४ (१००%) | ३ (५०%) | ४ (१००%) | २ (१००%) |
| २ | पेसा व्यवसाय | ९ (७५%) | ४ (१००%) | - | - | २ (१००%) |

*स्रोत : विद्यालय सर्वेक्षण, २०७१*

तालिका नं. ४ मा उल्लेख भए अनुसार छात्रा भर्नामा प्रभाव पार्ने मुख्य तत्वको रुपमा आर्थिक तत्वलाई मानिन्छ । गरिवीको समस्यालाई सबैले मुख्य समस्याको रुपमा लिएको पाइयो । जस अनुसार शतप्रतिशत विद्यालय जाने छात्राका अभिभावक, विद्यालय छाडेका

छात्राका अभिभावक, विद्यालय छाडेका छात्रा र विद्यालय व्यवस्थापन समितिका महिला सदस्यहरूले बताए भने ५० प्रतिशत विद्यालय जाने छात्राले बताए । प्राथमिक तहमा निःशुल्क शिक्षा भनिएता पनि अन्य खर्च जस्तै : पोशाक, परीक्षा शुल्क कापी, खाजा नास्ता आदि कुराले गर्दा कठिनाई हुने कुरा बताए । गरिवीकै कारणले छोरीलाई विद्यालय पढाउन नसकेको कुरा विद्यालय छाडेका छात्राका अभिभावकले बताए । आफूहरू मेलापात, ज्याला मजदुरीमा जानु पर्ने र छोरीलाई साना भाइबहिनी हेर्न घरमै राखेको कुरा उनीहरूले बताए । जसलाई गरीवीको कारण मान्न सकिन्छ । यस्तो अवस्था सहरी क्षेत्रमा केही कम रहेको पाइयो ।

त्यस्तै परिवारको पेशा तथा व्यवसायले पनि छात्रा भर्नामा प्रभाव पार्दछ । आर्थिक अवस्था कमजोर भएकै कारणले आफूहरू कृषक भएकोले मेलापात, मजदुरी, ज्याला, काम गर्न जानु पर्ने र छोरीले पनि आफूलाई काममा सहयोग गर्नुपर्ने कारण ७५ प्रतिशत विद्यालय जाने छात्राका अभिभावक, शतप्रतिशत विद्यालय छाडेका छात्राका अभिभावक र विद्यालय व्यवस्थापन समितिका सदस्यले बताए ।

यस प्रकार छात्रा भर्नामा आर्थिक तत्वको मुख्य भूमिका रहेको पाइयो । यो एक मुलुककै जटिल समस्या पनि हो ।

### ४.३.२ छात्रा नियमितताामा प्रभाव पार्ने तत्वहरू

यस अध्ययनमा सोधको उद्देश्य परिपूर्ति गर्न छात्राहरूको विद्यालयमा नियमित उपस्थिति थाहा पाउन सूचनादाताहरू जस्तै विद्यालयका प्र.अ., महिला शिक्षिकाहरू, विद्यालय जाने र विद्यालय छाडेका छात्राका अभिभावक, विद्यालय जाने छात्रा र विद्यालय नजाने छात्राहरू तथा विद्यालय व्यवस्थापन समितिका महिला सदस्यहरूसँग अन्तरवार्ता र सामूहिक छलफलको माधयमबाट आवश्यक सूचना सङ्कलन गरियो । यस सम्बन्धमा सूचनादाताबाट प्राप्त विविध सूचनालाई विविध शीर्षक अन्तर्गत राखी तालिकामा देखाइएको छ र तिनलाई वर्णनात्मक शैलीमा विश्लेषण एबम् व्याख्या गरिएको छ ।

### ४.३.२.१ विद्यालयसँग सम्बन्धित कारणहरू/तत्वहरू

यस सम्बन्धमा विद्यालयका प्र.अ.हरू, महिला शिक्षिका, विद्यालय जाने र छाड्ने छात्राका अभिभावक, विद्यालय जाने र छाडेका छात्रा तथा विद्यालय व्यवस्थापन समितिका महिला सदस्यसँग लिएको अन्तरवार्ताका आधारमा प्राप्त सूचनालाई निम्नानुसारका शीर्षकमा राखिएको छ । सूचनादाताको उत्तरको प्रतिशतको आधारमा परिशिष्ट ४ मा विश्लेषण एवं व्याख्या गरिएको छ । जस अनुसार छात्रा नियमितताको सम्बन्धमा विद्यालयमा सञ्चालन गरिने क्रियाकलापहरूको प्रभाव पर्छ भन्ने कुरामा शत प्रतिशत प्र.अ. र महिला शिक्षिकाले ६६.६ प्रतिशत विद्यालय जाने छात्राले सहमति जनाए । विद्यालयमा संचालन गरिने अतिरिक्त क्रियाकलापमा सहभागी हुने छात्राहरू विद्यालय प्रति नै सकारात्मक पाइएका छन् । उनीहरूको सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव पारेको पाइयो । यसले उनीहरू पढाइप्रति नै उत्साहित भई विद्यालयमा नियमित हुने गरेको पाइयो । यसको विपरीत कक्षा कार्यकलापहरू जस्तै : कक्षा कार्य, गृहकार्य, अन्य अतिरिक्त क्रियाकलापमा रुचीपूर्वक भाग नलिने छात्राहरू अन्य साथीहरूसँग पनि घुलमिल हुन नसक्ने, शिक्षक, शिक्षिकाहरूसँग पनि नजिकिन नचाहने वा नसक्ने हुन्छन् । जसले गर्दा उनीहरूको सिकाइ उपलब्धिमा पनि क्रमश ह्रास आएर विस्तारै पढाइ प्रति नै रुची घट्न गएको पाइयो । परिक्षामा अनुत्तीर्ण भएपछि क्रमशः विद्यालय छोड्ने समस्या तीव्र हुन्छ । कक्षा क्रियाकलापमा सहभागी हुन नसक्ने विभिन्न कारण छन् जसमा घरायसी समस्या व्यक्तिगत समस्याहरू पनि पाइएका छन् । छात्रा प्रोत्साहन कार्यक्रमले छात्रालाई नियमित गराउँछ भन्नेमा शतप्रतिशत प्र.अ., ७५ प्रतिशत महिला शिक्षिका, ७५ प्रतिशत विद्यालय जाने छात्राका अभिभावकले ५० प्रतिशत विद्यालय छाडेका छात्राका अभिभावक, शतप्रतिशत विद्यालय जाने छात्रा र ५० प्रतिशत विद्यालय व्यवस्थापन समितिका महिला सदस्यहरू सहमत पाइए ।

विद्यालयमा हुने अतिरिक्त क्रियाकलापले छात्रालाई नियमित गराउँछ भन्नेमा शतप्रतिशत प्र.अ.हरू र महिला शिक्षिकाहरू, ५० प्रतिशत विद्यालय जाने छात्राका अभिभावक र विद्यालय व्यवस्थापन समितिका सदस्यहरू, ७५ प्रतिशत विद्यालय जाने छात्राहरूले बताए । विद्यालयमा गरिने सह तथा अतिरिक्त क्रियाकलापहरू जस्तै हाजिरी जवाफ प्रतियोगिता, कविता, निबन्ध, बादविवाद, हिज्जे, खेलकुद, नृत्य, लोकगीत, आदिलाई समावेश गरिने कुरा

प्र.अ. तथा महिला शिक्षिकाले बताए । अतिरिक्त क्रियाकलापमा ग्रामीण भन्दा सहरी छात्राहरूको सहभागिता बढी हुने कुरा महिला शिक्षिकाहरूले बताए । साँस्कृतिक र शारीरिक खेलमा ग्रामीण छात्रा धेरै सहभागी हुने कुरा ७५ प्रतिशत महिला शिक्षिकाले बताए ।

पुरुष शिक्षकको छात्रा प्रतिको व्यवहारले पनि छात्रा नियमिततामा प्रभाव पार्दछ भनी ७५ प्रतिशत महिला शिक्षिका, ५० प्रतिशत विद्यालय जाने र नजाने छात्राहरूले बताए । विद्यालय बाहिर र भित्र शिक्षकले छात्रालाई समान व्यवहार गर्नु पर्ने कक्षा क्रियाकलापमा समान अवसर दिनुपर्ने कुरा प्र.अ. र महिला शिक्षिकाले बताए । विद्यालयमा शिक्षकले आफूलाई विभेद गरेको कुरा २५ प्रतिशत विद्यालय जाने छात्राहरुले बताए ।

महिला शिक्षिकाको उपस्थितिले छात्राको नियमिततामा प्रभाव पार्ने कुरा शतप्रतिशत प्र.अ. र महिला शिक्षिकाले बताए भने ७५ प्रतिशत विद्यालय जाने र नजाने छात्राले बताए । त्यस्तै ५० प्रतिशत विद्यालय व्यवस्थापन समितिका महिला सदस्यले बताए । विद्यालयमा महिला शिक्षिकाको उपस्थितिले आफूलाई सुरक्षित महसुस भएको, शिक्षिकाबाट आत्मिय व्यवहार पाउने कुरा छात्राहरूले वताए । दुबै विद्यालयमा शिक्षिकाको उपस्थिति राम्रो पाइयो जसले गर्दा छात्राहरूको सङ्ख्यामा समेत करीव बराबरी पाइयो ।

विद्यालयमा सुरक्षित शौचालयको व्यवस्था भएमा छात्राको नियमितता बढाउने कुरा शतप्रतिशत महिला शिक्षिका, ५० प्रतिशत विद्यालय छाड्ने विद्यार्थी छात्राका अभिभावक र शतप्रतिशत विद्यालय व्यवस्थापन समितिका सदस्य, ५० प्रतिशत विद्यालय छाडेका छात्राहरू र ८३.३ प्रतिशत विद्यालय जाने छात्राहरूले बताए ।

विद्यार्थी मूल्याङ्कन जस्तैः- परीक्षामा कक्षोन्नति नीतिमा कठोर हुदाँ छात्राको नियमिततामा प्रभाव पार्ने कुरा शतप्रतिशत प्र.अ.हरू, ५० प्रतिशत महिला शिक्षिकाहरू, २५ प्रतिशत विद्यालय जाने छात्राका अभिभावकहरु, ७५ प्रतिशत विद्यालय छाड्ने छात्राका अभिभावकहरु, २५ प्रतिशत विद्यालय नजाने छात्रा र शतप्रतिशत विद्यालय व्यवस्थापन समितिका सदस्यहरूले बताए । ५० प्रतिशत विद्यालय छाडेका छात्राले प्राथमिक कक्षामा हुनु पर्ने उमेर (१० वर्ष) भन्दा आफ्नो उमेर बढी भएको र पटक पटक असफल हुँदा घरको आर्थिक

अवस्था कमजोर भएकोले विद्यालय छोड्नु परेको बताए । उक्त धारणालाई ७५ प्रतिशत विद्यालय छाड्ने छात्राका अभिभावकले बताए त्यस्तै विद्यालय छाड्ने दर सहरीमा भन्दा ग्रामीण विद्यालयमा बढी भएको कुरा ५० प्रतिशत महिला शिक्षिकाले बताए ।

विद्यालय र घरको भौगोलिक दूरीको कारणले गर्दा आफूहरू नियमित नहुने कुरा शतप्रतिशत विद्यालय छाड्ने छात्राका अभिभावकले बताए भने त्यसमा सहमति जनाउने ६२.५ प्रतिशत विद्यालय जाने छात्राका अभिभावक, ४१.६ प्रतिशत विद्यालय जाने छात्राहरू, ७५ प्रतिशत विद्यालय नजाने छात्रा र शत प्रतिशत विद्यालय व्यवस्थापन समितिका महिला सदस्यले बताए ।

### ४.३.२.२ सामाजिक कारणहरू/तत्वहरू

समाजमा लैङ्गिक विभेद, सामाजिक चालचलन, रीति रिवाज, धारणा, संस्कृति, संस्कार इत्यादिले व्यक्तिको शिक्षा आर्जन गर्ने प्रक्रियामा प्रभाव पारिरहेको हुन्छ । सायद यसै कारणले हुन सक्छ विकसित समाजमा हुर्केका र परम्परागत समाजमा हुर्केका बालबालिकाहरूको बानी व्यवहार, रुची क्षमता आदिमा भिन्नता देखिन्छ । यस अध्ययनले देखायो कि ग्रामीण समाजमा ब्याप्त केही यस्ता धारणाहरू छन जसले शिक्षा आर्जनमा बाधा पुऱ्याइरहेका हुन्छन् । तलको तालिकामा सामाजिक कारणहरू उल्लेख गरिएका छन् ।

तालिका नं. ५

छात्रा नियमिततामा प्रभाव पार्ने सामाजिक तत्वहरू

| क्र. सं. | सामाजिक कारणहरू | प्र.अ. (२) | महिला शिक्षिका (४) | वि.जाने छात्राका अभिभावक (१२) | वि.छाड्ने छात्राको अभिभावक (४) | वि.व्य.स. महिला सदस्य (२) |
|---|---|---|---|---|---|---|
| १ | लैङ्गिक विभेद | २ (१००%) | ३ (७५%) | ५ (४१.६%) | २ (५०%) | २ (१००%) |
| २ | धार्मिक, सांस्कृतिक कारण | - | - | ६ (५०%) | ३ (७५%) | १ (५०%) |
| ३ | मूल्य, मान्यता र | १ (५०%) | ३ (७५%) | ४ (३३.३३%) | ३ (७५%) | २ (१००%) |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | विश्वास | | | | | |
| ४ | अशिक्षा | २ (१००%) | ४(१००%) | ८ ( ६६.६६%) | ३ (७५%) | २ (१००%) |

*स्रोत : विद्यालय सर्वेक्षण, २०७१*

सामाजिक कारणले छात्रा नियमितालाई प्रभाव पार्ने कुरामा सबै सूचनादाताहरू सहमत भएको देखिन्छ । माथिको तालिका अनुसार लैङ्गिक विभेदलाई कारण मान्नेमा १०० प्रतिशत प्र.अ. र विद्यालय व्य.स. महिला सदस्य, ७५ प्रतिशत महिला शिक्षिका ४१.६ प्रतिशत विद्यालय जाने छात्राका अभिभावक र ५० प्रतिशत नजाने छात्राका अभिभावक पाइयो । अशिक्षाले गर्दा नियमिततामा प्रभाव पारेको भन्नेमा सत प्रतिशत प्र.अ., सोही प्रतिशतमा महिला शिक्षिका र विद्यालय व्यवस्थापन समितिका महिला सदस्य, ६६.६ प्रतिशत विद्यालय जाने छात्राका अभिभावक र ७५ प्रतिशत छाडेका छात्राका अभिभावकहरू सहमत भए भने धार्मिक सांस्कृतिक कारणलाई प्रभाव पार्ने तत्व हो भनी ५० प्रतिशत विद्यालय जाने छात्राका अभिभावक, ७५ प्रतिशत विद्यालय छाड्ने छात्राका अभिभावक र ५० प्रतिशत विद्यालय व्यवस्थापन समितिका सदस्यहरू सहमत भए । त्यस्तै सामाजिक मूल्य, मान्यता र विश्वासले प्रभाव पारेको भनेर शतप्रतिशत विद्यालय व्यवस्थापन समितिका महिला सदस्य, ७५ प्रतिशत महिला शिक्षिका र विद्यालय छाड्ने छात्राका अभिभावक, ५० प्रतिशत प्र.अ. र ३३.३३ प्रतिशत विद्यालय जाने छात्राका अभिभावक सहमत भए । त्यसकारण छात्रा भर्नालाई सामाजिक तत्वले प्रभाव पारेको पाइयो । त्यसमा पनि ग्रामीण क्षेत्रमा बढी छ भनी शत प्रतिशत प्र.अ. र ७५ प्रतिशत महिला शिक्षिका सहमत भए । यसको आधारमा सवैका लागि शिक्षा-२०१५ का लक्ष्यहरु प्राप्तिमा अझै समस्या छ ।

### ४.३.२.३ आर्थिक कारणहरू/तत्वहरू

विद्यालय जाने र नजाने छात्राका अभिभावक र विद्यालय जाने र नजाने छात्रासँग लिएको सामूहिक छलफल र अन्तर्वार्ताबाट लिएको सूचनाअनुसार परिवारको आर्थिक अवस्थाले छात्रालाई विद्यालयमा नियमित गराउन नसकिने कुरामा ५०% विद्यालय जाने र छात्राका

अभिभावक र छात्राहरूले बताए भने विद्यालय छाडेका अभिभावक मध्ये ७५ प्रतिशतको सहमति देखियो भने शतप्रतिशत विद्यालय व्यवस्थापन समितिका सदस्यहरू सहमत भए त्यस्तै पेशा/व्यवसायले प्रभाव पार्छ भनी शतप्रतिशत विद्यालय छाड्ने छात्राका अभिभावक, ७५ प्रतिशत विद्यालय जाने छात्राका अभिभावक र विद्यालय जाने छात्राहरूको सहमति रह्यो भने ५० प्रतिशत विद्यालय व्यवस्थापन समितिको महिला सदस्यले बताए। गरीवीकै कारणले विद्यालय भर्ना भएर छोड्नु परेको, परीक्षा शुल्क, पोशाक, खाजा-नास्ता, कापी, कलम, झोला आदि जुटाउन गाह्रो परेकोले छोडाएको भनी विद्यालय छाड्ने छात्राका अभिभावकले बताए। अरुको घरमा काम गरी बसेको र सधै एउटै घरमा बस्न नसकेको भएर पनि पढ्न छोडेको भनी ५० प्रतिशत छाडेका बालिकाले बताए।

## ४.४ छात्रा भर्ना र नियमितता बृद्धि गर्ने उपायहरू

प्रधानाध्यापक, महिला शिक्षिका, विद्यालय व्यवस्थापन समितिका महिला सदस्यहरूले छात्रा भर्ना र नियमिततामा बृद्धि गर्ने सवालमा निम्न सुझावहरू दिएका थिए। छात्रा भर्ना बृद्धि गर्ने घरदैलो कार्यक्रम सञ्चालन गरेर, महिला समूह, आमा समूह परिचालन गरेर, माथिल्लो कक्षामा छात्रालाई प्रोत्साहन दिएर, विद्यालयमा स्याहार केन्द्र स्थापना हुनु पर्ने प्र.अ.ले बताए। घरदैलो कार्यक्रम सञ्चालन गर्ने, जनचेतना फैलाउने, अभिभावक र विद्यालय वीच अन्तरक्रिया गरेर र महिला शिक्षिका हुनुका गौरव बताएर बढाउन सकिने कुरा महिला शिक्षिकाले बताए।

अभिभावकलाई अभिभावक शिक्षा दिनुपर्ने, अतिरिक्त क्रियाकलापमा छात्रा सहभागिता बढाउनु पर्ने, कक्षामा छात्रालाई बढी अवसर दिएर, पुरस्कार र प्रोत्साहनबाट प्रेरित गर्नु पर्नेमा प्र.अ. सहमत भए। कक्षामा छात्रालाई माया, सहानुभूति देखाउने अतिरिक्त क्रियाकलापमा बढी सहभागिता गराउने, कक्षोन्नति नीति लचिलो बनाउने, जसमा छात्रालाई बढी प्राथमिकता दिने, कक्षा शिक्षणमा प्रभावकारिता ल्याउने, घरायसी काममा व्यस्त बालिका वा भाइबहिनीको हेरचाह गर्नेलाई पनि अतिरिक्त कक्षा सञ्चालन गरेर पनि पढाइ नियमित गर्न सक्ने उपायहरू महिला शिक्षिकाले बताए। सहरी क्षेत्रमा छात्रा भर्ना र नियमितता बृद्धि गर्न, शतप्रतिशत पुऱ्याउन माथिका उपायहरू अवलम्बन गर्नु पर्ने र

ग्रामीण क्षेत्रमा अभिभावकलाई रोजगारी सृजना गर्नुपर्नेमा प्र.अ. र महिला, शिक्षिकाहरू सहमत भए । यसवाट पुष्टि हुन्छ कि मार्क्सको सामाजिक वर्गको प्रभाव शिक्षामा पदर्छ भने फ्रेरेको समुदायलाई सशक्तीकरण गरेर मात्र छात्रा भर्ना वृद्धि गराउन सकिने कुरा प्रमाणित हुन्छ ।

यसको आधारमा छात्रा भर्ना र नियमितता बृद्धि गर्नको लागि अपनाउनु पर्ने कुराहरुलाई निम्न निचोडमा पुग्न सकिन्छ । घरदैलो कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने जसको लागि समूह निर्माण गरी परिचालन गर्न सकिन्छ । समुदायमा क्रियाशील आमा समूह, महिला समूह लगायतका विभिन्न समूहलाई परिचालन गर्ने जसले छात्रा भर्नादर वृद्धि गर्नुका साथै छाड्ने दर कम गर्दछ । छात्रा प्रोत्साहन कार्यक्रमहरु जस्तै छात्रबृत्ति, पोशाक, खाजा आदिको व्यवस्था गर्ने र अभिभावकलाई अभिभावक शिक्षा दिने व्यवस्था मिलाउनु पर्दछ जसले छात्रा भर्ना वृद्धि गर्नु पर्दछ । त्यस्तै अतिरिक्त कार्यकलापमा छात्रा सहभागिताको लागि विशेष जोड दिने र प्रोत्साहित गर्नुपर्दछ । कक्षा कोठामा छात्रालाई बढी भन्दा बढी सिकाइ क्रियाकलापमा सहभागी गराउँदै उदार कक्षोन्नति लागू गर्ने जसले असफल भइ विद्यालय छाड्ने प्रवृत्ति कम गर्दछ साथै घरेलु कामकाजमा व्यस्त बालिकाको लागि अतिरिक्त कक्षाको व्यवस्था गर्ने र अभिभावकको लागि रोजगारी सिर्जना गरिदिने व्यवस्था मिलाउनु पर्दछ ।

# परिच्छेद : पाँच

# निष्कर्ष र सुझाव

## ५.१ निष्कर्ष

छनौटमा परेका दुइवटा विद्यालयका प्राथमिक तहका छात्र/छात्राको भर्नाको स्थितिलाई हेर्दा शैक्षिक सत्र २०७१ मा श्री वागीश्वरी उ.मा.वि. (सहरी) मा छात्रको तुलनामा छात्रा १.६ प्रतिशत बढी रहेको पाइयो । जसमा छात्रा ८६ (५०.८%) र छात्र ८३ (४९.२%) देखियो । त्यस्तै गरी ग्रामीण विद्यालय श्री अरुणोदय उ.मा.वि.मा छात्र र छात्राको सङ्ख्या ठ्याक्कै बरावर पाइयो । जसमा छात्रा ८६ (५०%) र छात्र ८६ (५०%) पाइयो । यसबाट यो तथ्य स्पष्ट देखिन्छ कि ग्रामीण विद्यालयमा भन्दा सहरी विद्यालयमा छात्रा सहभागिताको स्थिति बढी देखिन्छ । जुन जनचेतनाको कारणले गर्दा नै हो ।

छात्रा नियमितताको स्थितिलाई हेर्दा श्री वागीश्वरी उ.मा.वि. (सहरी) छात्राको नियमित उपस्थिति श्री अरुणोदय उ.मा.वि. (ग्रामीण) छात्राको भन्दा बढी पाइयो । सहरी विद्यालयको औषत उपस्थिति १८१.२ (९२.८%) र ग्रामीण विद्यालयको १७८.७ (९०.०७%) भन्दा २.७३ प्रतिशतले बढी देखिन्छ । सहरी विद्यालय श्री वागीश्वरी उ.मा.वि.को छात्राको सबै भन्दा बढी उपस्थित कक्षा ४ मा १८२ (९३.३%) दिन रहेको देखियो भने सबै भन्दा कम कक्षा १ मा १८० (९२.३%) दिन रहेको देखियो । त्यसै गरी श्री अरुणोदय उ.मा.वि. लिङ्गम ( ग्रामीण) को छात्राको सबै भन्दा बढी उपस्थिति कक्षा ५ मा १८१ (९१.८%) दिन देखियो भने सबैभन्दा कम उपस्थिति कक्षा ४ मा १७६.७ (८९.६%) दिन देखियो । यसरी दुबै विद्यालयमा औषत उपस्थिति ९३ प्रतिशत भन्दा माथि जान सकेको छैन जसलाई राम्रो मान्न सकिँदैन ।

जनचेतनामूलक कार्यक्रमले विद्यालयमा छात्रा भर्नामा प्रभाव पारेको देखिन्छ । जसमा विद्यालयले गर्ने विभिन्न घरदैलो कार्यक्रम विद्यालय स्वागत कार्यक्रमले छात्रा भर्नालाई बढाएको पाइयो भने सहरी विद्यालयमा छात्रा भर्ना बढेको देखिए पनि ग्रामीण विद्यालयमा जनचेतनाको कमीले अझै पनि छात्रा भर्ना न्यून नै देखिन्छ । त्यसैगरी सुरक्षित शौचालयको

अभावले गर्दा पनि ग्रामीण विद्यालयमा छात्रा भर्ना न्यून देखिन्छ भने सहरी विद्यालयमा छात्रा भर्ना बृद्धि भएको पाइन्छ। महिला शिक्षिकाको उपस्थितिले छात्रा भर्नामा सकारात्मक प्रभाव पारेको देखिन्छ। विद्यालयमा कक्षोन्नति नीति उदार भएको ठाँउमा भर्ना बृद्धि भएको देखिन्छ भने कठोर नीति भएको ठाँउमा भर्ना न्यून पाइन्छ।

पारिवारिक संरचनाले छात्रा भर्नामा प्रभाव परेको देखिन्छ। एकल परिवारको छात्रा भर्ना राम्रो रहेको छ भने संयुक्त परिवारको छात्रा भर्ना न्यून देखिन्छ। आमाबाबु दुबै साक्षर भएको परिवारमा छात्रा भर्ना बढी पाइन्छ भने निरक्षर आमाबाबुको परिवारमा छात्रा भर्ना न्यून पाइन्छ।

लैङ्गिक विभेदका कारण छात्रा भर्नामा नकारात्मक प्रभाव परेको देखिन्छ। लैङ्गिक विभेद नगर्ने सहरी क्षेत्रमा छात्रा भर्ना बढी देखियो भने धार्मिक साँस्कृतिक तथा सामाजिक मूल्य, मान्यता र विश्वासले बढी जकडेको ग्रामीण समाजमा छात्रा भर्ना कम देखिन्छ। आधुनिकता तर्फ लम्केको सहरी समाजमा छात्रा भर्ना बढी देखिन्छ।

गरिवीका कारण छात्रालाई विद्यालय पढाउँदा गर्नु पर्ने खर्च जस्तै परीक्षा शुल्क, किताब, कापी, खाजा-नास्ता आदि जुटाउन नसकेकै कारणले गर्दा छात्रा भर्नामा नकारात्मक प्रभाव परेको देखिन्छ। आर्थिक अवस्था सुध्रिएमा छात्रा भर्ना बृद्धि गर्न सकिने देखिन्छ। देशमा शक्ती सुरक्षाको व्यवस्था भएमा छात्रा भर्ना बृद्धि हुने देखिन्छ भने सामाजिक असुरक्षा जस्तै हत्या, हिँसा, अपहरण आदि बढेमा छात्रा भर्ना कम हुँदै जान्छ।

कक्षा क्रियाकलापमा छात्रा सहभागिता जस्तै : गृहकार्य, कक्षा कार्य, अतिरिक्त क्रियाकलाप, सामग्री निर्माण आदिमा भाग लिने छात्राहरू विद्यालयमा नियमित हुने र विद्यालय प्रति सकारात्मक भएको पाइन्छ भने माथिका कार्यमा भाग नलिने, साथीभाइसँग घुलमिल हुन नसक्ने छात्रा विद्यालयमा अनियमित हुने गरेको देखिन्छ। उनीहरू व्यक्तिगत र घरायसी समस्याहरूले गर्दा विद्यायमा नियमित हुन नसकेको पाइन्छ।

छात्रा प्रोत्साहन कार्यक्रम जस्तै : निःशुल्क पोशाक, खाजाको व्यवस्था, छात्रवृत्तिको व्यवस्था, कापी कलमको व्यवस्थाले छात्राहरू विद्यालय प्रति सकारात्मक भई विद्यालय आउन उत्साहित हुन्छन् जसले गर्दा छात्रा विद्यालयमा नियमित उपस्थित हुन्छन् । छात्रा प्रोत्साहन कार्यक्रम प्रभावकारी नभएमा छात्राको नियमिततालाई घटाएको हुन्छ ।

अतिरिक्त क्रियाकलाप विद्यालयमा सञ्चालन भएमा छात्रा विद्यालय प्रति सकारात्मक हुने उनीहरूले विद्यालयमा विभिन्न अतिरिक्त क्रियाकलाप जस्तै : साँस्कृतिक कार्यक्रम, खेलकुद, हाजिरीजवाफ प्रतियोगिता आदिमा भाग लिन पाउँछन् जसले गर्दा छात्राहरू विद्यालयमा नियमित हुन्छन् र सो क्रियाकलापको अभाव भएमा छात्रा अनियमितता हुने र विद्यालय समेत छाड्ने हुन्छन् ।

विद्यालयमा पुरुष शिक्षकले छात्र/छात्रालाई समान व्यवहार देखाएमा वा समान अवसर प्रदान गरेमा छात्रा विद्यालयमा नियमितता हुने र विभेद गरेमा अनियमित हुने पाइन्छ । पुरुष शिक्षकले छात्रालाई हौसलापूर्ण व्यवहार गरेमा उनीहरूको विद्यालय प्रति सकारात्मक धारणा विकास भएको पाइन्छ ।

विद्यालयमा महिला शिक्षिकाको उपस्थितिले छात्रालाई प्रोत्साहन हुने, सुरक्षित भएको महशुस हुने भएकोले छात्रा विद्यालयमा नियमित हुन्छन भने महिला शिक्षिकाको अनुपस्थितिले छात्रा अनियमित हुने हुन्छन् । सुरक्षित शौचालयको व्यवस्थाले विद्यालयमा छात्राहरूको नियमिततामा सकारात्मक प्रभाव पारेको पाइन्छ ।

विद्यार्थी मूल्याङ्कन जस्तै : उदार कक्षोन्नति भएमा नियमितता बढाउँछ भने कठोर नीति अवलम्बन गरेमा छात्रा नियमितता घट्छ । विद्यालय र घरको दूरी कम भएमा छात्रा नियमित हुन्छन् भने विद्यालय घरको दूरी टाढा भएमा छात्रा विद्यालयमा अनियमित भएको पाइयो ।

पारिवारको संरचना जस्तै : एकल परिवारका छात्रा नियमित हुने र संयुक्त परिवारमा छात्राले घरमा भाइबहिनीको हेरचाह गर्नु पर्ने भएकोले नियमित कम हुन्छन् । परिवारको

शैक्षिक अवस्थाले पनि छात्रा नियमिततामा प्रभाव पारेको हुन्छ । बाबु आमा साक्षर भएको परिवारका छात्राको नियमितता बढी हुन्छ भने निरक्षर बाबु आमाका छात्राहरूको नियमिततामा ह्रास आउछ ।

लैङ्गिक विभेद र सामाजिक असमानता भएको समाजमा विद्यालयमा छात्राको नियमिततामा नकारात्मक प्रभाव पारेको देखिन्छ भने लैङ्गिक विभेद र सामाजिक असमानता भएको समाज जहाँ छोरा र छोरीलाई समान व्यवहार गरिन्छ त्यहाँ छात्रा नियमितता बढी हुन्छ । गरिवीको कारणले विद्यालयमा छात्राको नियमितता घटाउँछ । उनीहरू घरको काम गर्नु पर्ने, मेलापातमा बाबुआमालाई सघाउनु पर्ने आदि कारणले विद्यालयमा नियमित हुन पाउँदैनन् भने आर्थिक अवस्था राम्रो भएका बाबु-आमाको पेशा र रोजगारी भएका छात्राहरू बढी नियमित देखिन्छन् । विद्यालयको खर्च जस्तै : परीक्षा शुल्क, किताव, कापी, कलम, खाजा-नास्ता, पोशाक आदि जुटाउन नसकेको कारणले पनि छात्रा नियमितता घटाएको देखिन्छ ।

## ५.२ सुझावहरू

### (क) नीतिगत तहका लागि

१. विद्यालयमा छात्रा भर्ना बृद्धि गर्न छात्रवृत्तिको व्यवस्था गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्नु पर्दछ ।
२. दलित, पिछडिएका, अल्पसङख्यक जातिका लागि महिनाको न्यूनतम भत्ता दिने व्यवस्था गर्नु पर्दछ ।
३. विद्यालयमा महिला शिक्षिकाको व्यवस्था अनिवार्य गराई निरपेक्ष गरिबीको रेखामुनि रहेका अभिभावकको लागि रोजगारीको व्यवस्था मिलाउनु पर्दछ ।
४. अनौपचारिक शिक्षा, छोटो अवधिका अभिमुखिकरण तालिम, गोष्ठी आदि कार्यक्रमको माध्यमबाट अभिभावकको धारणामा परिवर्तन ल्याई छात्रा भर्ना र नियमिततालाई बृद्धि गने कार्यकम ल्याउनु पर्दछ ।
५. छात्राहरूको छात्रबृत्तिलाई निरन्तरता दिने, रकममा बृद्धि गर्ने र कोटा बढाउने कार्य अनिवार्य रुपमा गर्नु पर्छ ।

६. आम सञ्चारका माध्यमबाट छात्रा भर्ना बृद्धि गर्न मद्दत गर्ने कार्यक्रमहरू जस्तै : बृत्तचित्र, टेलिचलचित्र, कथा, सम्बाद, नाटक आदिहरू सञ्चालन गर्नु पर्दछ ।

७. आम नागरिकको चेतना स्तर उकास्न चेतनामुलक नागरिक शिक्षा र अभिभावक शिक्षा सञ्चालन गर्नु पर्दछ ।

(ख) कार्यान्वयन तहका लागि

१. छात्रा भर्ना बृद्धि गर्न जिल्लाका सम्बन्धित निकायहरू जस्तै : जिल्ला विकास समिति, जिल्ला शिक्षा कार्यालय र अन्य सरोकारवाला संस्थाले नियमित अनुगमन गर्नु पर्छ ।

२. विद्यालयलाई छात्रा भर्नाका लागि छुट्टै आर्थिक स्रोत उपलब्ध गराउनु पर्छ ।

३. विभिन्न लामो तथा छोटो अवधिका तालिम तथा अभिमुखीकरण गोष्ठी सञ्चालन गर्नु पर्छ ।

४. जिल्लामा अभिभावक शिक्षा कार्यक्रमको व्यवस्था गरी विद्यालयका प्र.अ.हरू विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र बुद्धिजीविहरूको वीचमा समय-समयमा अन्तरक्रिया सञ्चालन गर्नु पर्छ ।

५. विद्यालयलाई स्रोत साधन सम्पन्न गराइ जिल्लामा क्रियाशील गैरसरकारी संस्थाहरूलाई समेत शैक्षिक कार्यक्रममा समन्वय गरी सञ्चालन गर्नुपर्छ ।

६. गा.वि.स. र नगरपालिकाले विभिन्न शैक्षिक जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ ।

७. विद्यालयमा बालमैत्री वातावरण सिर्जना गरी विद्यालयमा स्वच्छ शैक्षिक वातावरण निर्माण गर्नुपर्छ ।

८. गाउँमा रहेका गैर सरकारी संस्थाहरू जस्तै आमा समूह, टोल सुधार समिति, बचत तथा सहकारी संस्था, बाल क्लव, युवा क्लवलाई सक्रिय सहभागी गराई छात्रा भर्नालाई बृद्धि गर्नु पर्दछ ।

(ग) अनुसन्धान तहका लागि

अवका अनुसन्धानकर्ताले तलका अनुसन्धानात्मक शिर्षकहरुमा शोध अनुसन्धान गर्नुपर्दछ :

१. छात्राहरुको शिक्षा र पारिवारिक जीवनमा परिवर्तन ।

२. महिला शिक्षकले विद्यालय शिक्षामा पारेको प्रभाव ।

३. छात्रामैत्री शौचालय र छात्रा सहभागितामा वृद्धि ।

४. राष्ट्रिय नीति र छात्रा शिक्षाको अवस्था ।

५. तेल वितरण कार्यक्रम र छात्रा सहभागितामा पारेको प्रभाव ।

# सन्दर्भसूची


१. अधिकारी, विष्णुप्रसाद (२०५९), *शिक्षा सेवा प्राविधिक सहायक दर्पण,* काठमाण्डौं : आशिष पुस्तक भण्डार ।

२. अरुणोदय उ.मा.वि. (२०७०), *विद्यालय सुधार योजना,* सङ्खुवासभा : लेखक ।

३. कार्की, अशोककुमार (२०६३), *गुणस्तरीय जीवन* काठमाण्डौं : पैरवी प्रकाशन ।

४. काफ्ले, वासुदेव र अरू (२०६१) *शैक्षिक प्रविधि र अनौपचारिक शिक्षा,* काठमाण्डौं : विद्यार्थी प्रकाशन प्रा.लि ।

५. कोइराला, विद्यानाथ र सुशन आचार्य (२०६१), *सामाजिक न्यायको सेरोफेरोमा शिक्षा,* काठ्माण्डौं : स्टुडेन्ट्स बुक्स पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

६. खनाल, पेशल (२०६४), *शैक्षिक अनुसन्धान पद्दति,* काठमाण्डौं : सनलाइट पब्लिकेशन ।

७. जिल्ला शिक्षा कार्यालय (२०७०), *शैक्षिक तथ्याङ्क,* सङ्खुवासभा : लेखक ।

८. ढकाल, माधवप्रसाद र मातृका प्रसाद कोइराला (२०६४), *शिक्षाका आधारहरु,* काठमाण्डौं : रत्न पुस्कत भण्डार ।

९. थापा, श्रीकृष्ण र साथिहरु (०६५), *शिक्षाको परिचय,* काठमाण्डौं : भुँडीपुराण प्रकाशन ।

१०. नेपाल, जनार्दन (२०६४), *नेपालका शिक्षा प्रणाली चुनौती र सम्भावना,* काठमाण्डौं: मकालु प्रकाशन गृह ।

११. नेपाल सरकार (२०६६), *विद्यालय क्षेत्र सुधार कार्यक्रम,* काठमाण्डौं : शिक्षा तथा खेलकुद मन्त्रालय, लेखक ।

१२. नेपाल सरकार (२०६४), *लैङ्गिक समविकासका लागि बालिका शिक्षाको रणनीति तथा कार्यान्वयन योजना,* भक्तपुर : शिक्षा तथा खेलकुद मन्त्रालय शिक्षा विभाग, लेखक ।

१३. नेपाल सरकार (२०६५), *लैङ्गिक सचेतना प्याकेज,* भक्तपुर : शिक्षा तथा खेलकुद मन्त्रालय, लेखक ।

१४. पौडेल, लेखनाथ (२०६०), *शिक्षा पद्दती,* काठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार ।

१५.पौड्याल, शारदा (२०६४), *छात्रा भर्ना, नियमितता र प्रतिधारणामा प्रभाव पार्ने तत्वहरु, एक अध्ययन,* काठमाण्डौं : त्रि.वि.वि., शिक्षाशास्त्र केन्द्रीय विभाग अप्रकाशित शोधपत्र ।

१६. वागीश्वरी उ.मा.वि. (२०७०), *विद्यालय सुधार योजना,* सङ्खुसासभा : लेखक ।

१७. शर्मा, कमलराज (०६४) *समाजको मोडेल समाज शास्त्रीय दृष्टिकोण,* काठमाण्डौंः एम.के.पब्लिसर्स एण्ड डिष्ट्रिब्यूटर्स ।

१८. शर्मा, गोपीनाथ (२०५७), *नेपालको शैक्षिक इतिहास,* काठमाण्डौं : लुम्बिनी पुस्तक भण्डार ।

१९. शर्मा, गोपीनाथ(२०७०), *नेपालका शिक्षा आयोगका प्रतिवेदनहरु,* काठमाण्डौं : मकालु बुक्स एण्ड स्टेशनर्स ।

२०. शर्मा, चिरञ्जीवी र निर्मला शर्मा (०६४), *शैक्षिक योजना,* काठमाण्डौं : एम.के.पब्लिसर्स एण्ड डिष्ट्रिब्यूटर्स ।

२१. शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला (०६४) *शैक्षिक प्रविधि र अनौपचारिक शिक्षा,* काठमाण्डौंः एम.के.पब्लिसर्स एण्ड डिष्ट्रिब्यूटर्स ।

२२. *शिक्षा ऐन-२०२८ तथा नियमावली-२०५९, तेस्रो संसोधन* - २०६२, काठमाण्डौं : मकालु प्रकाशन गृह ।

# अनूसूची एक :

## प्रअका लागि प्रश्नावली

विद्यालयको नाम : प्र.अ.को नाम :

शैक्षिक योग्यता : लिङ्ग : उमेर :

१. तपाईको विद्यालयमा छात्रा भर्ना बृद्धि गर्न के कस्ता जनचेतनामूलक कार्यक्रमहरू संचालन गर्नु हुन्छ ? नगरेको भए किन ?

२. सरकारी नीति नियमले छात्रा भर्नामा कस्तो प्रभाव पारेको छ ? छात्रा भर्नामा प्रोत्साहन गर्ने खालका कार्यक्रम छन् वा छैनन् ? छैनन् भने किन ?

३. विद्यालयमा छात्राहरूको के कस्ता सुरक्षा व्यवस्था गर्नुभएको छ ? छैन भने किन ?

४. महिला शिक्षिकाहरू छन् कि छैनन् ? छैनन् भने किन ?

५. विद्यार्थीहरूको मूल्याङ्कन कसरी गर्नुहुन्छ ? बताइदिनुहुन्छ कि ?

६. छात्रा भर्नामा लैङ्गिक विभेदको असर कस्तो छ ? धार्मिक-सांस्कृतिक कारणको प्रभाव कस्तो छ ?

७. तपाइँको विचारमा छात्रा भर्नामा राजनैतिकले कसरी प्रभाव पार्छ जस्तो लाग्छ ? केही बताइदिनुहुन्छ कि ?

८. तपाइँको विद्यालयमा छात्राहरूको नियमितताको स्थिति कस्तो छ ? छात्राहरू अनियमित छन् भने किन ?

९. कुल छात्रा भर्नामध्ये कति प्रतिशत छात्राहरूले उक्त शैक्षिक सत्र पूरा गरे ?

१०. त्यसरी शैक्षिक सत्र पूरा नगरी विचैमा पढाइ छोड्नुका कारणहरू के के हुन सक्छन् बताइदिनुहुन्थ्यो कि ?

११. कक्षा क्रियाकलापमा छात्रा सहभागिता कस्तो पाउनुभएको छ ?

१२. कक्षा क्रियाकलाप एवम् अतिरिक्त क्रियाकलापमा छात्रा सहभागिता बृद्धि गर्न के के गर्ने गर्नुहुन्छ ?

१३. विद्यालयमा के कस्ता छात्रा प्रोत्साहन कार्यक्रम संचालन गर्नुभएको छ ? बताइदिनुहुन्छ कि ?

१४. विद्यालयमा पुरुष शिक्षकको छात्राप्रतिको व्यवहार कस्तो पाउनुभएको छ ?

१५. तपाईंको विचारमा छात्रा भर्नामा बृद्धि, नियमितता र टिकाउपनको लागि के कस्ता रणनीतिहरू अपनाउनुपर्ला जस्तो लाग्छ ?

१६. विद्यमान ऐन, नियमावलीहरू प्रयाप्त छन् कि छैनन् ?

# अनूसूची दुई :

## महिला शिक्षिकाको लागि अन्तरवार्ता सूची

विद्यालयको नाम :

महिला शिक्षिकको नाम :

शैक्षिक योग्यता :

उमेर :

१. तपाईंको विद्यालयमा छात्रा भर्ना बृद्धि गर्न के कस्ता जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नुहुन्छ ? नगरेको भए किन ?

२. सरकारी नीति नियमले छात्रा भर्नामा कस्तो प्रभाव पारेको छ ? छात्रा भर्नामा प्रोत्साहन गर्ने खालका कार्यक्रम छन् वा छैनन् ? छैनन् भने किन ?

३. विद्यालयमा छात्राहरूको के कस्ता सुरक्षाको व्यवस्था छ ? छैन भने किन ?

४. महिला शिक्षिकाहरू छन् कि छैनन् ? छैनन् भने किन ?

५. छात्रा भर्नामा लैङ्गिक विभेदको असर कस्तो छ ? धार्मिक-सांस्कृतिक कारणको प्रभाव कस्तो छ ?

६. तपाईंको विचारमा छात्रा भर्नामा राजनैतिकले कसरी प्रभाव पार्छ जस्तो लाग्छ ?

७. तपाईंको विद्यालयमा छात्राहरूको नियमितताको स्थिति कस्तो छ ? छात्राहरू अनियमित छन् भने किन ?

८. कुल छात्रा भर्नामध्ये कति प्रतिशत छात्राहरूले उक्त शैक्षिक सत्र पूरा गरे ?

९. त्यसरी शैक्षिक सत्र पूरा नगरी विचैमा पढाइ छोड्नुका कारणहरू के के हुन सक्छन् बताइ दिनुहुन्थ्यो कि ?

१०. कक्षा क्रियाकलापमा छात्रा सहभागिता कस्तो पाउनुभएको छ ?

११. कक्षा क्रियाकलाप एवम् अतिरिक्त क्रियाकलापमा छात्रा सहभागिता बृद्धि गर्न के के गर्ने गर्नुहुन्छ ?

# अनूसूची तीन :

## लक्षित समूह छलफल सूचि

| |
|---|
| छोरीलाई विद्यलाय भर्ना |
| छोरीलाई विद्यालयमा पढाउँदा हुने फाइदाहरु |
| लैङ्गिक विभेद |
| छोरीहरुले विद्यालयमा अनियमित हुनुको कारणहरु तथा विद्यालय छाड्नुका कारणहरु |
| पारिवारिक संरचना |
| आर्थिक अवस्था |
| विद्यालयमा महिला शिक्षिकाको उपस्थिति |
| छात्रवृत्ति |
| विद्यालय र समुदायको वा घरको दूरी |
| अतिरिक्त क्रियाकलाप |
| सामाजिक संस्कार |
| साँस्कृतिक मूल्य, मान्यता |
| मनोवैज्ञानिक धारणा |

# अनूसूची चार :

## विद्यालय जाने छात्राका लागि अर्न्तवार्ता सूची

विद्यार्थीको नाम :

कक्षा : जात :

उमेर : गा.वि.स./न.पा. : वडा नं. :

विद्यालयको नाम :

१ तिम्रो परिवारको सङ्ख्या कति छ ?

२. तिम्रो विद्यालय घरदेखि कति टाढा छ ? विद्यालय पुग्न कति समय लाग्छ ?

३. तिम्रो विद्यालयमा छात्रवृत्तिको व्यवस्था कस्तो छ ?

४. तिमी विद्यालयमा कतिको सुरक्षित ठान्छौ ?

५. तिमीलाई विद्यालयमा महिला शिक्षिकाको उपस्थिति कस्तो महशुस गर्छौ ?

६. तिम्रो घरको आर्थिक अवस्था कस्तो छ ? बुवाआमा के काम गर्नुहुन्छ ?

७. तिम्रो बुवाआमाले पढ्नु भएको छ ?

८. तिमी कक्षा क्रियाकलापमा कत्तिको सहभागी हुन्छौ ?

९. छात्रा प्रोत्साहन कार्यक्रमले तिमीलाई फाइदा पुगेको छ ?

१०. अतिरिक्त क्रियाकलापमा भाग लिन्छौ ? लिदैनौ भने किन ?

११. पुरुष शिक्षकले तिमीलाई कस्तो व्यवहार गर्नुहुन्छ ?

१२. तिमीले गृहकार्य कत्तिको गर्छौ ? गर्दैनौ भने किन ?

१३. तिमी विद्यालयमा नियमित हाजिर हुन्थ्यौ ? हुदैनौ भने किन ?

# अनुसूची छ :

## विद्यालय छाडेका छात्राका लागि अन्तरवार्ता सूची

विद्यार्थीको नाम :

उमेर जात :

गा.वि.स./न.पा. : वडा नं. :

१. विद्यालय जान मन लाग्छ कि लाग्दैन ?

क) लाग्छ ख) लाग्दैन

२. तिमी कुन विद्यालय पढ्थ्यौ र कति कक्षामा छाड्यौ ?

३. तिमीले विद्यालय छाड्नुको कारण के हो ?

आर्थिक घरायसी कारण

विद्यालयको दूरी टाढा भएकोले छोरी भएकोले

विद्यालयमा असमान व्यवहार भएकोले बारम्बारको असफलता/फेल भएकोले

अन्य कुनै भए

४. तिम्रो बुवाआमा के काम गर्नुहुन्छ ?

५. परिवार सङ्ख्या कति छ ?

६. विद्यालयमा के के सुविधा भयो भने तिमी विद्यालय जान सक्छौ ?

७. शिक्षकहरुले कस्तो व्यवहार गर्नुहुन्थ्यो ?

८. शिक्षिकाले कस्तो व्यवहार गर्नुहुन्थ्यो ? (कुनै विशेष घटना भए, बताइदिन्थ्यौ कि ?)

९. तिमीले विद्यालय छाडेपछि अहिले के काम गर्छौ ?

१०. तिमी विद्यालय फेरि भर्ना हुन चाहन्छौ ?

## अनुसुचि सात :

## विद्यालय सर्वेक्षण फारम

विद्यालयको नाम र ठेगाना :

शिक्षक सङ्ख्या (प्रा.वि. तह) : सञ्चालित कक्षा :

महिला ......................... पुरुष ............................ जम्मा ................

तालिम प्राप्त शिक्षक सङ्ख्या (प्रा.वि. तह) :

महिला ..................... पुरुष .................... जम्मा ......................

१. कक्षागत विद्यार्थी विवरण

| क.सं. | जम्मा विद्यार्थी भर्ना | | परीक्षामा सम्मिलित | |
|---|---|---|---|---|
| | छात्रा | छात्र | छात्रा | छात्र |
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |

# अनुसुचि सात :

## छात्रा नियमितता अध्ययन फारम

विद्यालयको नाम : ..................................................

ठेगाना : ........................

१. कक्षागत विद्यार्थी विवरण (२०७०)

| कक्षा | वैशाख | जेष्ठ | असार | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | मार्ग | फल्गुण | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | |